Jana Aakash
National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १८, अंक- २९, २०८२ साल फागुन ५ गते मंगलबार (February 17, 2026) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np
अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# मतपत्र छपाई अन्तिम चरणमा निर्वाचन हुने पक्का

■ मोहन कार्की

काठमाडौं- भक्तपुर (प्रतनिधिसिभाको नर्विाचनका लागी मतपत्र छपाइ अन्तमि चरणमा पुगेको छ। जनक शक्षिा सामग्री केन्द्र लमिटिडले छपाइ बाँकी रहेका पाँच लाख मतपत्र अन्तिम चरणमा पुगेको जनाएको छ ।

केन्द्रका कार्यकारी प्रबन्ध सञ्चालक यदुनाथ पौडेलले मतपत्र छपाइ लगभग सम्पन्न भई सकोको जानकारी दिएका छन् । उनले भने, "प्रत्यक्षतर्फको मतपत्र छपाइ अन्तमि चरणमा पुगेको छ । प्रत्यक्ष तर्फका दुई करोड तीन लाख मतपत्र छपाइ गर्नपर्नेमा बाँकी रहेको पाँच लाख मतपत्र छपाइ अन्तिम चरणमा पुगेको उल्लेख गरे। ४२ दनिको कार्यतालिका बनाएर मतपत्र छपाइ सुरु गरेका थयिौं हामीले ४० दनिमै लगभग सकेका छौं।" छपाइ सम्पन्न पछि सबै




मतपत्र प्याकिङ' सकरे बाँकी जिल्लामा ढुवानी हुने उनले जानकारी दिएका छन् ।

दैनकि १३ देखि १५ लाख मतपत्र छपाइ गरी लक्ष्यभन्दा आगडी नै मतपत्र छपाइ गररेे केन्द्रले छपाइ सम्पन्न गरेको १० लाख नमूना मतपत्र, निर्वाचन आयोगले बिभिन्न ठाउँमा पुर्याइसकेको बताए ।

» बाकी ६ पृष्ठमा

# रवि लामिछानेको सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दा तत्काल फिर्ता नहुने



काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्धको सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दा तत्काल फिर्ता नहुने भएको छ ।

सोमबार लामिछानेको मुद्दा फिर्ता सम्बन्धी निवेदनमाथि सुनुवाइ गर्दै जिल्ला अदालत कास्कीका न्यायाधीश नितिश राईको इजलासले तत्काल मुद्दा फिर्ता नहुने आदेश दिएको हो ।

महान्यायाधिवक्ता सविता भण्डारीले पुस ३० गते लामिछाने विरुद्धको सम्पत्ति शुद्धीकरण र संगठित » बाकी ६ पृष्ठमा

# दमक टावरबारे ओली– नबुझ्नेहरूले विरोध गरेका हुन्, दमकको पहिचान हो

काठमाडौं- नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले दमकमा बनेको टावरलाई नबुझ्नेहरूले विरोध गरेको बताएका छन् ।

झापा-५ मा चुनावी घरदैलोको क्रममा सोमबार ओलीले यस्तो बताएका हुन् ।

झापा-५ का उम्मेदवार समेत रहेका ओलीले दमकमा बनेको टावर भ्यूटावर नभएर एउटा बिजनेस कम्प्लेक्स भएको बताए ।

उक्त बिजनेस कम्प्लेक्सलाई नयाँ खालको » बाकी ६ पृष्ठमा

# ३० बिघाको उखु जलेर नष्ट, १ करोड बढीको क्षति



सिरहा- सिरहाको लहान नगरपालिका-१३ घलेटोलमा सोमबार दिउँसो काट्न तयारी अवस्थामा रहेको करिब ३० बिघाको उखुखेतीमा आगलागी भएको छ ।

आगलागीबाट स्थानीय २५ जना किसानले लगाएको उखु जलेर नष्ट भएको छ । प्रारम्भिक अनुमानअनुसार आगलागीबाट करिब १ करोड १६ लाख रुपैयाँ बराबरको उखु जलेर क्षति भएको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय लहानका प्रहरी नायव उपरीक्षक कैलाश राईका अनुसार » बाकी ६ पृष्ठमा

# पछिल्ला चुनावहरू मितव्ययी बन्दै गएका छन् : निर्वाचन आयोग

काठमाडौं- निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले पछिल्लो समय निर्वाचनलाई आयोगले मितव्ययी बनाउँदै लगेको जिकिर गरेका छन् ।

निर्वाचनको आर्थिक अवस्था र महिलाको सहभागितासम्बन्धी अर्न्तक्रिया कार्यक्रममा उनले २०७९ सालको निर्वाचनपछि आयोगले खर्चको सिमालाई घटाउँदै लगेको बताएका हुन् ।

०६४, ०७० र०७४ भएका निर्वाचनमा देखिएको अत्यधिक खर्च र निर्वाचन सामग्रीको दुरुपयोग २०७९ सम्म आइपुग्दा केही नियन्त्रणमा आएको उनको दाबी छ ।


'२०६४, २०७० र २०७४ को निर्वाचनमा जुन निर्वाचन सामाग्रीको बेथितिसंग प्रवाह हुन्थ्यो, वेथितिसंग खर्च प्रवाह हुन्थ्यो, कम्तीमा २०७९ सालमा आएपछि केही सीमित भएको छ । र त्यसलाई आकस्मिक रुपमा आएको यो २०८२ सालको » बाकी ६ पृष्ठमा



# चुनावमा जित-हारलाई स्वीकार्नुपर्छ भन्नेमा स्पष्ट छु : रेनु दाहाल

काठमाडौं- चितवन क्षेत्र नम्बर ३ मा नेपाली कम्युनिस्ट पार्टीकी उम्मेदवार रेनु दाहालले आम जनसमुदायबाट माया, विश्वास र समर्थन पाइरहेको बताएकी छन् । त्यसले आफूलाई उत्साहित बनाएको उनको भनाइ छ ।

'यतिबेला म चितवन क्षेत्र नं. ३ मा प्रतिनिधि सभा उम्मेदवारका हैसियतले घरदैलो अभियानमा व्यस्त छु। यसक्रममा आम जनसमुदायबाट प्राप्त माया, » बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- २९,
२०८२ साल फागुन ५ गते मंगलबार
17 FEBRUARY 2026, TUESDAY

**...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की**

## सम्पादकीय

# कतैपनि डढेलो लाग्न नदिउ


फागुन, चैत्र, वैशाख नेपालमा धेरै डढेलो लाग्ने महिनाहरु हून्। यो समयमा नेपालका धेरै बनजंगलहरु डढेलो लागेर खरानी बन्ने गर्दछन्। डढेलोबाट नेपालका महत्वपूर्ण जडीबुटी, लोपउन्मुख जंगली जनावरहरु, लोपउन्मुख वनस्पतीहरु डढेर खरानी भई विश्व वातवरणमा समस्या ल्याउने गरेको छ । डढेलो लागेको बेलामा नेपालमा यहि समयमा धेरै हावा चल्दा आगो नियन्त्रण गर्न पनि त्यतिकै मात्रमा कठिन हुने गरेको छ । यस्तो कठिनाई आउन नदिन पहिलानै अग्रीम तयारी गरेर आगो लाग्ने कारणहरु विगतमा वर्षहरुमा पनि देखिएका, भएका कारणहरुलाई आधार मानेर सम्बन्धित निकायहरुले समूदायमा जनचेतना जगाउने सम्भावित क्षेत्रहरुमा सर्तकता अपनाएर डढेलो लाग्नै नदिने गरी काम गर्नुपर्ने देखिन्छ ।

तर नेपालका सम्बन्धित निकायहरुले जव राती अनि बुढी ताती भनेजस्तै गरी जव डढेलो लागेर बन खरानी भईसकेको हुन्छ । तव अउदा दिनमा यस्तो हुन दिदैनौ भनेर ओठे जवाफ दिन्छन् । फेरी अर्को वर्ष त्यस्तै समस्या आउछ । त्यसैगरी नेपालका वनहरुमा डढेलो लाग्ने गरेको छ ।

यो चलन लामो समयदेखि नेपालमा चल्दै आएको छ । के कारणले यसको रोकथाम हुन सकेको छैन । विभिन्न समयमा विभिन्न खालका प्रतिवेदनहरु पनि तयार गरिका छन् । तर त्यसको कार्यन्वयन वन जोगाउने नीतिगत रुपमा सुधार भएको पाइएको छैन । जनताले रुख काटेमा मुद्दा लगाएर दुख: दिन मात्र जान्ने र काठ माथिको राजनीति मात्र गर्न जान्ने वन कार्यालयहरुको दिर्धकालीन योजना वन सदुपयोग संरक्षण जस्ता विषयमा कतिपनि ध्यान गएको पाइदैन ।

त्यसैले समयमा नै वन डढेलोबाट जोगाउन अग्रीम तयारी गरेर नेपालका लोपउन्मुख प्रजातिका जनावरहरु, वनस्पतिहरु, महत्पूर्ण जडीबुटीहरु जोगाउने दाईत्व सम्बन्धित निकायको हो । त्यो काम अग्रीम तयारी गरेर गरुण ।

# नेपाल-भारत सौम्यशक्ति कूटनीति प्रवर्द्धनमा पशुपतिनाथ



■ रोहिणीप्रसाद घिमिरे

सौम्यशक्ति कूटनीति (सफ्ट पावर डिप्लोम्यासी) आधुनिक अन्तर्राष्ट्रिय सम्बन्धको एक महत्वपूर्ण अवधारणा हो । यसले कुनै राष्ट्रले सैन्य शक्ति, आर्थिक दबाब वा कठोर कूटनीतिक उपाय प्रयोग नगरी संस्कृति, धर्म, भाषा, दर्शन, कला, परम्परा तथा साझा मूल्य-मान्यताका माध्यमबाट अन्य राष्ट्रसँग आपसी विश्वास, सम्मान र सहानुभूति विकास गर्ने प्रक्रियालाई जनाउँछ । यही सन्दर्भमा धार्मिक-सांस्कृतिक आस्था एवं धरोहरका रूपमा रहेको पशुपतिनाथ मन्दिर नेपाल-भारत सौम्यशक्ति कूटनीतिको केन्द्रविन्दुका रूपमा स्थापित भएको छ ।

नेपाल-भारत सम्बन्ध हजारौँ वर्ष पुरानो सभ्यतागत निरन्तरतामा आधारित छ । धार्मिक आस्था, सांस्कृतिक अभ्यास, सामाजिक परम्परा र जीवनदर्शनका तहमा दुवै देश एक-अर्कासँग गहिरोरूपमा गाँसिएका छन् । पशुपतिनाथ यही सभ्यतागत सम्बन्धको जीवन्त प्रतीक हो, जसले राजनीतिक उतार-चढावभन्दा माथि उठेर दुई देशका जनतालाई भावनात्मक र आध्यात्मिक रूपमा जोड्दै आएको छ ।

पशुपतिनाथ केवल नेपालको राष्ट्रिय आराध्यदेव मात्र होइन, सम्पूर्ण हिन्दू जगत्को आस्थाको केन्द्र हो । नेपाल र भारतबीचको ऐतिहासिक, धार्मिक र भावनात्मक सम्बन्धलाई जोड्ने सेतुका रूपमा पशुपतिनाथको भूमिका अद्वितीय छ । राजनीतिक सीमाले छुट्याए पनि आस्थाले जोडेको सम्बन्ध पशुपतिनाथमार्फत अझ सुदृढ बनेको छ । यही कारणले पशुपतिनाथलाई नेपाल-भारत सौम्यशक्ति कूटनीतिको सबल आधारस्तम्भका रूपमा लिन सकिन्छ ।

**ऐतिहासिक एवं पौराणिक पृष्ठभूमि :**

पशुपतिनाथसँग जोडिएको पौराणिक कथा र ऐतिहासिक प्रसङ्गले नेपाल-भारत सम्बन्धको प्राचीनता र गहिराइ पुष्टि गर्छ । त्रेतायुगमा स्वयं आविर्भाव भएको ज्योतिर्लिङ्गका रूपमा पशुपतिनाथको स्थापना भएको धार्मिक विश्वास छ । त्यस समयमा देवपतन क्षेत्र (हालको पशुपति क्षेत्र) तलाउका रूपमा रहेको र त्यहाँ एक ऋषिले रोपेको कमलबाट ज्योतिर्मय शिवलिङ्ग प्रकट भएको परम्परागत मान्यता छ ।

लामो अन्तरालमा भूस्खलनजस्ता प्राकृतिक प्रकोपले द्वापरयुगको अन्त्यमा आइपुग्दा सो ज्योतिर्मय शिवलिङ्ग पुरिएको अवस्थामा थियो । द्वारकाबाट आएका श्रीकृष्ण र गोपालहरूले त्यस ठाउँमा गाईले स्वत: दूध झार्दै गरेको देखे । उनीहरूले त्यहाँ उत्खनन गर्दा ज्योतिर्लिङ्ग देखे । यसले पशुपतिनाथ स्थापित देवता नभई स्वयं आविर्भाव भएको शिवस्वरूप ज्योतिर्लिङ्ग भएको मान्यतालाई बलियो बनाउँछ । यही पौराणिक निरन्तरताले पशुपतिनाथप्रतिको आस्था नेपालमा मात्र सीमित नभई भारतसहित विश्वभर फैलिएको छ । यो कहावत नेपाल-भारतबीचको पौराणिक सम्बन्धको पुरानो र सशक्त प्रमाण हो ।

**पशुपतिनाथको दार्शनिक पक्ष :**

अब अर्को महत्वपूर्ण कुरा, पशुपतिनाथलाई सम्पूर्ण प्राणीजगत्का स्वामी मानिन्छ । यसैले विश्वकै हिन्दूहरूको आस्थाको केन्द्र मात्र नभएर अन्य धर्मावलम्बीहरूको समेत पशुपतिनाथप्रति चासो बढेको पाइन्छ । अब प्रश्न उठ्छ- पशुपतिनाथलाई कसरी सम्पूर्ण प्राणीजगत्का स्वामी (मालिक) मानिएको हो त ?

सामान्य मानिसले पशु भनेको चारखुट्टे जनावरलाई मात्र बुझेको हुनाले उसले पशुहरूको मालिक नै पशुपतिनाथ भन्ने सोच्न सक्छ तर पशुको मात्रै मालिक होइन । व्याकरणानुसार 'पश्यतीति पशु:' अर्थात् देख्न सकिने शरीरधारी जीवहरूलाई पशु भनिन्छ, जुन 'पश बन्धने' अर्थात् पासले बाँधिएका हुन्छन् । स्पष्ट भाषामा भन्दा सांसारिक बन्धनले बाँधिई यस पृथ्वीमा रहेका सम्पूर्ण प्राणीका मालिक नै पशुपतिनाथ हुन् भन्ने पशुपतिनाथ शब्दको व्युत्पत्ति एवं विग्रहले इङ्गित गर्दछ । यसैले पशुपतिनाथ विश्वकै हिन्दूहरूको आस्थाको केन्द्र हो ।

त्यस्तै शिवलाई ज्ञानका अधिष्ठाता भनिन्छ । शिवले डम्बरु बजाउँदा यसको ध्वनिबाट अइउण्, ऋृलृक, एओङ्, ऐऔच्, हयवरट् ...... आदि संस्कृत व्याकरणका १४ सूत्रहरूको प्रतिपादन भएको र यसले देवभाषा संस्कृत उत्कृष्ट भाषा बनेको मानिन्छ । यो भाषा अब कम्प्युटरीकृत भई पृथ्वीमा मात्र नभएर अन्तरिक्षमा समेत प्रयोग गरिने योजना छ । शुक्ल यजुर्वेदमा भनिएको छ- 'ईशान सर्वविद्यानां ईश्वर.... ।' अर्थात् शिवजी सबै विद्याका स्वामी हुन् । संस्कृत प्राय: सबै भाषाको जननी हुनुको कारण पनि यही हो ।

यसै गरी हिन्दू धर्ममा मुक्तिका लागि विशेष स्थलहरूको खोजी हुन्छ । ती स्थलमध्ये पशुपति क्षेत्रलाई एक मानिन्छ । यहाँ मृत्यु भएमा मोक्ष प्राप्त हुने विश्वासले अन्त्य अवस्थामा पशुपति आर्यघाट सेवाकेन्द्रमा थुप्रै बिरामीलाई ल्याइने गरेको छ । यसले पशुपतिनाथलाई केवल जीवितहरूको आस्थाको केन्द्र मात्र नभई जीवन र मृत्युसँग जोडिएको आध्यात्मिक स्थलका रूपमा स्थापित गर्छ ।

> पशुपतिनाथजस्तो तपोभूमिमा यस्ता धार्मिक मान्यतालाई पुष्टि गर्ने अनुसन्धान केन्द्र स्थापना गर्न सकियो भने विश्वका हिन्दूहरु मात्र नभएर अन्य धर्मावलम्बीहरुको पनि आवागमनमा बढोत्तरी हुनेछ । यसले भारत मात्र नभएर अन्य मुलुकहरुमा समेत सौम्यशक्ति कूटनीति प्रवर्द्धनमा टेवा पुग्नेछ ।

यस्तै पशुपतिनाथ क्षेत्र युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत छ । यसले यहाँको सांस्कृतिक, ऐतिहासिक र धार्मिक महत्वलाई अन्तर्राष्ट्रिय स्तरमा अझ प्रामाणिक बनाएको छ । यो मान्यताले पशुपतिनाथलाई विश्व सभ्यताको साझा सम्पदाका रूपमा प्रस्तुत गर्दै नेपाललाई सांस्कृतिक कूटनीतिक अवसर प्रदान गरेको छ । यसरी त्रेतायुगमै ज्यतिर्लिङ्गको आविर्भाव, द्वापरयुगमा पुनरुत्थान, मन्दिरको प्राचीनता, विश्व सम्पदाको मान्यता, मुक्तिको प्रतीक, भगवान् शिवप्रतिको आस्थाजस्ता कारणले गर्दा पशुपतिनाथ विश्वभरका हिन्दूहरूको आस्थाको केन्द्र बनेको कुरालाई नकार्न सकिँदैन ।

**धार्मिक पर्यटन र जनस्तरीय सम्बन्ध :**

पशुपतिनाथको पूजा-विधि, संस्कार र धार्मिक परम्परा नेपाल र भारत दुवै देशमा समानरूपमा सम्मानित छन् । विशेष गरी यहाँ दक्षिण भारतीय ब्राह्मण पूजारीहरूद्वारा पूजा गरिनु धार्मिक सहकार्यको महत्वपूर्ण उदाहरण हो । कुनै औपचारिक द्विपक्षीय सम्झौताविना नै सदियौँदेखि कायम यो परम्पराले धर्ममार्फत सौम्यशक्ति कूटनीति कसरी व्यवहारमा लागू हुन्छ भन्ने कुरा स्पष्ट पार्छ ।

हिन्दू धर्मलाई सनातन धर्मका रूपमा लिइन्छ । साथै पछिल्लो समय नेपाल धर्मनिरपेक्ष राष्ट्र भए पनि विगतमा हिन्दू राष्ट्रका रूपमा ख्याति कमाएको राष्ट्र पक्कै हो । अझै पनि यहाँ कुल जनसङ्ख्याको झन्डै ९२ प्रतिशत हिन्दूहरू रहेका छन् । हिन्दू धर्मावलम्बीहरूको सङ्ख्या भारतमा पनि अधिक छ । तीर्थयात्रा समापनमा पशुपतिनाथको दर्शन नगरी तीर्थयात्रा पूरा हुँदैन भन्ने मान्यता नेपाल-भारत दुवै देशका हिन्दूधर्मावलम्बीमा छ ।

दैनिकजसो भारतीय भक्तजनहरू पशुपतिमा आउने क्रम त छँदै छ, विशेष गरी महाशिवरात्रिमा पशुपति क्षेत्र भारतीय साधु-सन्त र तीर्थयात्रीले झन् नै खचाखच भरिएको देखिन्छ । यसरी हरेक वर्ष भारतबाट लाखौँ तीर्थयात्री पशुपतिनाथको दर्शनका लागि नेपाल आउने गर्छन् । यसै गरी नेपालबाट पनि लाखौँ तीर्थयात्री भारतका मठ-मन्दिरमा जाने गरेको पाइन्छ । यस धार्मिक आवागमनले दुई देशका जनताबीच सांस्कृतिक आदान-प्रदान र आपसी समझदारी बढाउँछ ।

विशिष्ट नेताहरूदेखि कर्मचारी, साधु-सन्त, खेलाडी, कलाकार आदि फरक-फरक विचारधारा र विद्वता भएका व्यक्तिहरूको आगमनले उनीहरूको विचार, दर्शन र परम्पराको आदान-प्रदानमा प्रोत्साहन मिल्छ । यस साझा सांस्कृतिक विरासतले नेपाल-भारत द्विपक्षीय सम्बन्धमा गहिरो आधारस्तम्भ खडा गर्छ ।

उदाहरणका लागि, वि.सं. २०७१ मा दक्षिण एसियाली सहयोग संगठन (सार्क) सम्मेलनमा सहभागी हुन नेपाल आउनुभएका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी पशुपतिनाथको दर्शन गर्न जानुभयो । यस क्रममा बीचबाटो (बानेश्वर) मा एक्कासि गाडी रोकी ओर्लिएर उहाँले सडक किनारमा रहेका नेपाली नागरिकसँग हात मिलाउनुभयो । त्यस बेला सौम्य कूटनीति प्रवर्द्धनमा यसले ठूलो बल मिलेको अनुभव गरिएको थियो । कठोर कूटनीतिको सट्टा यसरी भावनात्मक र सांस्कृतिक सम्बन्धमार्फत दुई देशबीचको सम्बन्धमा प्रगाढता हुन्छ भन्ने कुरा यस घटनाले पुष्टि गरेको छ ।

यति मात्र होइन, भारतीय योगगुरु रामदेव, सुप्रिम हिरो अमिताभ बच्चन, बागेश्वर बाबाधामका धीरेन्द्रकृष्ण शास्त्री, क्रिकेट खेलाडी सचिन तेन्दुल्करजस्ता प्रसिद्ध व्यक्तित्वले पनि पशुपतिनाथको दर्शन गरेर भारतीयहरूलाई नेपालको तीर्थाटनका लागि अभिप्रेरित गरेका छन् । भारतीय तीर्थयात्रीहरूको आगमन हुँदा स्थानीय समुदाय, व्यापारीसहित धार्मिक व्यक्तित्वसँग उनीहरूको प्रत्यक्ष अन्तरक्रिया हुन्छ । यो अन्तरक्रियाले दुई देशका जनताबीच विश्वास र मित्रताको वातावरण सिर्जना गर्छ, जुन सौम्यशक्ति कूटनीतिको आधारशिला हो ।

धार्मिक पर्यटन केवल आस्थासँग मात्र सम्बन्धित हुँदैन, यसले स्थानीय अर्थतन्त्र, पर्यटन उद्योग र सामाजिक सम्बन्धमा समेत सकारात्मक प्रभाव पार्छ । भारतीय तीर्थयात्रीहरूको आगमनले होटल, यातायात, साना व्यवसाय र स्थानीय समुदायलाई प्रत्यक्ष लाभ पुर्‍याउँछ । यसरी धार्मिक पर्यटन सौम्यशक्ति कूटनीतिको आर्थिक आयामसँग पनि जोडिन्छ ।

**भावी सम्भावना र रणनीति :**

नेपालले पशुपतिनाथलाई आधारस्तम्भको रूपमा लिई सौम्यशक्ति कूटनीति सुदृढ बनाउने दीर्घकालीन रणनीति अवलम्बन गर्नपर्छ । भारत, श्रीलङ्का, म्यानमार, थाइल्यान्डलगायत हिन्दू समुदाय भएका देशलाई लक्षित गरी धार्मिक पर्यटन प्रवर्द्धन अभियान सञ्चालन गर्न सकिन्छ । पशुपतिनाथ दर्शनलाई मुक्तिनाथ, जनकपुर र लुम्बिनीसँग जोडेर बहुआयामिक धार्मिक पर्यटन प्याकेज विकास गर्न सकिन्छ ।

भौतिक उन्नतिसँगै आध्यात्मिक सन्तुलन आवश्यक रहेको आजको विश्व परिवेशमा 'पशुपति अध्यात्म अनुसन्धान केन्द्र' स्थापना गर्नु समयसापेक्ष आवश्यकता हो । यस केन्द्रमार्फत पूर्वीय दर्शन, ध्यान, योग, यज्ञ र अध्यात्मसम्बन्धी विषयमा अनुसन्धान गर्न सकिन्छ, जसले नेपाललाई आध्यात्मिक अध्ययनको विश्व-केन्द्रका रूपमा स्थापित गर्न सहयोग पुर्‍याउनेछ ।

पशुपतिनाथजस्तो तपोभूमिमा यस्ता धार्मिक मान्यतालाई पुष्टि गर्ने अनुसन्धान केन्द्र स्थापना गर्न सकियो भने विश्वका हिन्दूहरू मात्र नभएर अन्य धर्मावलम्बीहरूको पनि आवागमनमा बढोत्तरी हुनेछ । यसले भारत मात्र नभएर अन्य मुलुकहरूमा समेत सौम्यशक्ति कूटनीति प्रवर्द्धनमा टेवा पुग्नेछ ।

पशुपतिनाथ नेपाल-भारत सम्बन्धको धार्मिक, सांस्कृतिक र भावनात्मक मेरुदण्ड हो । यसले औपचारिक कूटनीतिक संरचनाभन्दा पर रही जनस्तरमा विश्वास, आत्मीयता र साझा पहिचान निर्माण गरेको छ । त्यसैले पशुपतिनाथलाई सौम्यशक्ति कूटनीतिको केन्द्रविन्दुका रूपमा रणनीतिक ढङ्गले उपयोग गर्न सकियो भने नेपाल-भारत सम्बन्ध अझ प्रगाढ र स्थायी बन्नेछ ।

### सब-इन्जिनियर हत्या घटना

# कर्मचारीको सुरक्षा माग्दै सर्लाही अदालतको सेवा अवरुद्ध

सर्लाही- आइतबार राति अज्ञात व्यक्तिको गोलीबाट सब-इन्जिनियरको हत्या भएपछि त्यसको विरोधमा सोमबार सर्लाही जिल्ला अदालतका कर्मचारीले सेवा अवरुद्ध गरेका छन् ।

जिल्ला अदालतको मूलद्वारमा धर्ना दिँदै कर्मचारीहरूले कर्मचारी सुरक्षाको ग्यारेन्टी माग्दै सेवा अवरुद्ध गरेका छन् ।

पूर्वाधार विकास कार्यालयमा कार्यरत सिरहा सुखीपुर नगरपालिका-६ वैशाखाका सब-इन्जिनियर ३६ वर्षीय प्रमोदकुमार यादवको आइतबार



राति हत्या भएको थियो । मलंगवा नगरपालिका-१० स्थित डेरामा बाहिर बोलाएर अज्ञात व्यक्तिले गोली प्रहार गरेका थिए । उपचारका लागि अस्पताल पुर्‍याउँदा उनको मृत्यु भएको थियो ।

सब-इन्जिनियर यादव आइतबार दिउँसो मात्र बुबाको काजकिरिया सकेर मलंगवा फर्किएको सर्लाही प्रहरी प्रमुख प्रहरी उपरीक्षक (एसपी) योगेन्द्रकुमार खड्काले बताए । घटनाको विभिन्न कोणबाट अनुसन्धान भइरहेको उनले बताए ।

मोटरसाइकलमा आएका व्यक्तिले सब-इन्जिनियर यादवलाई कोठाबाहिर बोलाएर गोली प्रहार गरेको मृतककी श्रीमती पुनम यादवले बताइन् । उनको देब्रे छातीमा गोली लागेको प्रहरीले जनाएको छ । प्रारम्भिक अनुसन्धानमा हत्यामा सानो हतियार (पेस्तोल) प्रयोग भएको पाइएको प्रहरीले जनाएको छ । हालसम्म गोली प्रहारको कारण खुल्न सकेको छैन ।

मलंगवामा सब-इन्जिनियर यादव श्रीमती र दुई वर्षीया छोरीसँगै बस्दै आएका थिए ।

## रामेछाप डायरी

# रामेछाप बस दुर्घटना : बेपत्ता बालकको शव फेला

काभ्रेपलाञ्चोक- रामेछाप बस दुर्घटनामा परी तामाकोशीमा बेपत्ता एक बालकको शव सुनकोशी नदी किनारामा भेटिएको छ ।

गोलन्जोर गाउँपालिका ७ तल्लो बजार नजिकै सुनकोशी नदी किनारामा मन्थली नगरपालिका-२ पिप्लेका ९ वर्षीय कृचन तामाङको शव फेला परेको जिल्ला प्रहरी कार्यालय सिन्धुलीले जनाएको छ ।

सोमबार भेटिएको शव कृचनकै भएको र कृचनका ठूलोबुबा युवराज तामाङले सनाखत गरेको जिल्ला प्रहरी प्रमुख लालध्वज सुवेदीले जानकारी दिए ।

बालकको शव भेटिएसँगै रामेछाप



बस दुर्घटनामा ज्यान गुमाउनेको संख्या १३ पुगेको छ । तामाकोशी नदीमा खसेको बसमा सवार १२ जनाको यसअघि नै शव फेला परेको थियो ।

रामेछाप मन्थली नगरपालिका-६ बेनीघाट पुल नजिकै २७ माघमा प्रदेश ३-०१-००५ ख ९९७५ नम्बरको बस दुर्घटना भएको थियो ।

## रुकुमको समग्र विकासका लागि उम्मेदवार बनेर आएँ : प्रचण्ड

रुकुम पूर्व । नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले रुकुम पूर्वको विकासका लागि आफू उम्मेदवार बनेर आएको बताएका छन् । जिल्लाको पुथा उत्तरगंगा गाउँपालिका-६ मयाङमा जनभेटघाट गरेका छन् ।

'परिवर्तनका लागि बन्दुक बोकेर आएको ठाउँमा यस पटक म विकासका लागि तपाईँहरूको माझमा उम्मेदवारको टिकट लिएर आएको छु । मत दिएर विजयी गराउनुहोला' उनले भने ।

उनले स्वाधीन र समृद्ध नेपाल निर्माण पार्टीको प्रमुख लक्ष्य रहेको उल्लेख गर्दै त्यसका लागि जनताको साथ र समर्थन आवश्यक रहेको बताए । 'म स्वाधीन समृद्ध नेपाल निर्माणका लागि भिजन लिएर आफ्नो आधारभूमिका जनतासमक्ष नयाँ ऊर्जा लिन आएको हुँ,' उनको भनाइ थियो ।

# मतपत्र छपाइ अन्तिम चरणमा



भक्तपुर । प्रतिनिधि सभा निर्वाचनका लागि मतपत्र छपाइ अन्तिम चरणमा पुगेको छ । जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले आज दिनभरमा छपाइ सम्पन्न हुने जनाएको छ ।

केन्द्रका कार्यकारी प्रबन्ध सञ्चालक यदुनाथ पौडेलका अनुसार ५ लाख मतपत्र मात्र छाप्न बाँकी छ । ती पाँच लाख मतपत्र बागमती प्रदेशका हुन् । ती आजै छापिसक्ने उनले बताए ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्ध सञ्चालक पौडेलले भने, 'प्रत्यक्षतर्फको मतपत्र छपाइ अन्तिम चरणमा पुगेको छ । प्रत्यक्ष तर्फका दुई करोड तीन लाख मतपत्र छपाइ गर्नुपर्नेमा बाँकी रहेको पाँच लाख मतपत्र छपाइ आज दिनभरमा सक्छौं, ४२ दिनको कार्यतालिका लिएर मतपत्र छपाइ सुरु गरेका थियौं, आज ४० दिनमै सकिँदैछ ।'

छपाइ सकिएपछि मतपत्र प्याकिङ सकेर बाँकी जिल्लामा ढुवानी गर्ने जानकारी उनले दिए ।

दैनिक १३ देखि १५ लाख मतपत्र छपाइ गरी लक्ष्यभन्दा अगाडि नै मतपत्र छपाइ गरिएको बताउँदै केन्द्रले छपाइ सम्पन्न गरेको १० लाख नमूना मतपत्र, निर्वाचन आयोगले विभिन्न ठाउँमा पुर्याइसकेको छ । दुई करोड आठ लाख ३० हजार समानुपातिकतर्फको मतपत्र छपाइ गरी प्याकिङ सम्पन्न गरी जिल्ला जिल्ला पठाउने कार्य भइरहेको छ । केन्द्रका प्रबन्ध सञ्चालक पौडेलले कर्णाली र सुदूरपश्चिममा सबै मतपत्र पुगिसकेको र बाँकी क्षेत्रमा पनि १२ गतेसम्म पुर्याउने लक्ष्यका साथ काम भइरहेको जानकारी दिए ।

# वीर अस्पतालले गर्‍यो स्वास्थ्य बीमाबाट पाइने सेवा कटौती




काठमाडौं- वीर अस्पतालले स्वास्थ्य बीमाबाट उपलब्ध हुने सेवा कटौती गरेको छ । अस्पतालले दीर्घरोगका बिरामीलाई बीमा मार्फत तीन महिनासम्म औषधि हुने गरेको थियो । उक्त सेवालाई कटौती गर्दै एकपटकमा उक्त औषधिहरू एक महिनासम्म लागि मात्रै दिइने निर्णय गरेको हो ।

१ फागुन देखि उक्त लागू हुने जनाएको छ । सूचनामा भनिएको छ, '१ फागुनदेखि अर्को व्यवस्था नभएसम्म एक महिनाका लागि मात्रै बिमित सदस्यलाई औषधि उपलब्ध गराइने छ ।'

अस्पतालका निर्देशक डा. दिलीप शर्माका अनुसार बीमा बोर्डले लामो समयदेखि भुक्तानी नदिएका कारण सेवा कैटाती गर्नुपरेको हो । बीमा मार्फत ४० करोडभन्दा बढी रकम लिन बाँकी रहेको उनले जानकारी दिए ।

'वीर गरिबको अस्पताल भएकाले सबै बन्द गर्दा बिरामी मारमा पर्छन् । अहिले आर्थिक दायित्व कम गर्नका लागि सेवा थोरै कटौती गरेका हौं' डा. शर्माले भने । अस्पतालले सबैभन्दा ठूलो चुनौती औषधि खरिदमा भोगिरहेको डा. शर्माले बताए ।

'सरकारले पैसा नदिँदा औषधि किन्न सकिएको छैन, उपकरण बनाउन सकिएको छैन' उनी भन्छन्, 'सेवालाई धान्न नै मुस्किल भइरहेको छ ।'

स्वास्थ्य बीमा कार्यक्रम अहिले चरम आर्थिक संकटमा परेको छ । लामो समयदेखि बिमितको उपचार गरेवापतको रकम भुक्तानी नपाएपछि ठूला अस्पतालहरूले स्वास्थ्य बीमा कार्यक्रम समयसीमा तोकेर बन्द गर्न थालेका छन् ।

बोर्डका अनुसार सूचीकृत स्वास्थ्य संस्थालाई असार मसान्तसम्मको ११ अर्बभन्दा बढी भुक्तानी दिन बाँकी छ ।

यसबाट बिमित नागरिक त सेवाबाट वञ्चित हुने छन् नै, स्वास्थ्य बीमा कार्यक्रम नै अलपत्र पर्ने जोखिम बढेको छ ।

# धमाधम हुँदैछ मतदाता शिक्षा कार्यक्रम, बदर मत घट्ने पूर्वानुमान




काठमाडौं- मतदाता शिक्षा कार्यक्रम सुरु भएको छ । कार्यवहाक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीका अनुसार मतदाता शिक्षाका लागि ७५३ पालिकामै मतदाता शिक्षा कार्यक्रम सुरु भएको छ । उनी भन्छन्, 'स्वयमसेवक मार्फत कार्यक्रम सञ्चालन भइराखेको छ ।'

निर्वाचन आयोगका अनुसार सबै स्थानीय तहका प्रत्येक वडामा एक/एक जनाको दरले स्वयंसेवक नियुक्त भएका छन् । उनीहरूले मतदानबारे मतदातामा रहेको अलमल चिर्नेछन् ।

यसका अलावा सामाजिक सञ्जालबाट समेत मतदाता शिक्षा सम्बन्धी प्रचारप्रसार भइराखेको छ । मतदाता शिक्षा कार्यक्रममार्फत मत खस्ने प्रतिशत बढाउने र बदर मत घटाउने निर्वाचन आयोगको उदेश्य छ ।

कार्यवहाक प्रमुख निर्वाचन आयुक्त भण्डारी भन्छन्, 'यसपटक निर्वाचनको पूर्वसन्ध्यामा ठूलो संख्यामा मतदाता नामावलीमा समावेश हुनुभएको छ । उहाँहरु युवाहरू हुनुहुन्छ । उहाँहरु सचेत नागरिक हुनुहुन्छ । यसकारण यसपटक मत खस्ने प्रतिशत बढ्छ र बदर मत घट्छ भन्ने आयोगको पूर्व अनुमान रहेको छ ।'

मतदाता शिक्षा कार्यक्रमको प्रभावकारिताको अनुगमन समेत गरिने उनले जानकारी दिए ।

मतदाता कार्यक्रमअन्तर्गत आयोगले देशभरिका नगरपालिका तथा गाउँपालिकाका ६ हजार ७४३ वडामा सोमबारदेखि एक-एक मतदाता शिक्षा स्वयंसेवक परिचालन गरेको हो । उनीहरूले यही फागुन १७ गतेसम्म काम गर्नेछन् । विगतका तीनवटा निर्वाचनमा बदर मतको प्रतिशत क्रमशः बढेको थियो । २०७० सालको संविधानसभाको निर्वाचन, २०७४ र २०७९ को प्रतिनिधिसभाको चुनावमा बदर मतको प्रतिशत बढ्दै गएका तथ्यांक छ ।

२०७० सालको चुनावमा ७८.३४ प्रतिशत मत खसेको थियो र त्यसबेला ४.९६ प्रतिशत बदर मत थियो ।

२०७४ सालमा भएको चुनावमा ६८.६७ प्रतिशत मत खस्दा ५.१६ प्रतिशत मत बदर भएको थियो । २०७९ को चुनावमा ६१.६३ प्रतिशत मत खस्दा ५.१९ प्रतिशत मत बदर भएको थियो ।

तर, यसपटक डिजिटल मतदाता शिक्षालाई समेत प्राथमिकतामा राखिएको र युवा मतदाता सचेत भएर प्रचारप्रसारमा खटिएकाले बदर मत घट्ने विश्वास निर्वाचन आयोगको छ ।

# स्याङ्जा जिल्ला कारागारको सुरक्षा जिम्मा नेपाली सेनालाई

स्याङ्जा । स्याङ्जा सदरमुकामस्थित जिल्ला कारागारको सुरक्षा जिम्मा नेपाली सेनाले लिएको छ । बिहीबार साँझ ५ बजेदेखि कारागारको सुरक्षा व्यवस्थापन नेपाली सेनाले सम्हालेको हो ।

सिंह शार्दुल गुल्म, आँधीखोला ब्यारेकबाट २५ जनाको टोली कारागार सुरक्षार्थ खटिएको छ । यसअघि उक्त कारागारमा नेपाल प्रहरीको संयुक्त टोलीले सुरक्षा दिँदै आएका थिए ।

मन्त्रिपरिषद्को निर्णयअनुसार सुरक्षाका दृष्टिले अतिसंवेदनशील मानिएका कारागार तथा महत्वपूर्ण संरचनामा सेना परिचालन गर्ने नीति अपनाइएको छ । सोही निर्णयको कार्यान्वयनस्वरूप स्याङ्जा कारागारमा पनि सेना तैनाथ गरिएको बताइएको छ ।

सिंह शार्दुल गुल्म, आँधीखोला




ब्यारेकका निमित्त गुल्मपती सहसेनानी कल्याण थापाका अनुसार स्याङ्जा कारागारमा सेनाको टोलीले जिम्मेवारी सम्हालिसकेको छ । उनले सरकारको निर्देशनअनुसार सम्बन्धित निकायसँग समन्वय गरेर सुरक्षा व्यवस्थापन अघि बढाइएको जानकारी दिए ।

कारागार सुरक्षामा सेनाको प्रत्यक्ष संलग्नतासँगै सुरक्षा व्यवस्था थप सुदृढ हुने अपेक्षा गरिएको छ ।

# बंगलादेशको निर्वाचनमा विजयी बीएनपी दललाई प्रधानमन्त्री कार्कीले दिइन् बधाई

काठमाडौं- बंगलादेशमा १२ फेब्रुअरी २०२६ मा सम्पन्न १३औं संसदीय निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा प्रधानमन्त्री सुशीला कार्कीले बंगलादेश सरकार र त्यहाँका जनतालाई हार्दिक बधाई ज्ञापन गरेकी छिन् । सामाजिक सन्जालमार्फत कार्कीले बंगलादेश नेसनल पार्टी (बीएनपी ) लाई उल्लेखनीय विजय दिलाएकोमा पार्टी प्रमुख तारिक रहमानलाई विशेष बधाई दिएकी हुन् ।

कार्कीले आफ्नो सन्देशमा द्विपक्षीय सम्बन्धलाई सुदृढ गर्न बंगलादेशको नयाँ नेतृत्वसँग मिलेर काम गर्न इच्छुक रहेको बताएकी छिन् ।

शेख हसिनाको सरकार ढलेपछि अन्तरिम सरकारले गरेको यस निर्वाचनलाई बंगलादेशको लागि महत्वपूर्ण ऐतिहासिक मोडको रूपमा हेरिएको छ ।

# नेशनल लाईफद्धारा मधेश प्रदेशका अभिकर्ताहरु सम्मानित



काठमाडौं- नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि.ले जनकपुर स्थित मिथिला यात्रीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतको सभापतित्वमा सिइओ क्लब सदस्य सम्मान कार्यक्रम सम्पन्न गरेको छ।

आर्थिक वर्ष २०८१/८२ मा तोकिएको बीमाशुल्क संकलन गरी मधेश प्रदेशबाट योग्य हुनु भएका ७७ जना अभिकर्ताहरु सहित विभागिय प्रमुखहरु, प्रदेश प्रमुख एवं मधेश प्रदेश अन्तर्गत रहेका शाखा कार्यालयका शाखा प्रमुखहरुको सहभागितामा कम्पनीले सिईओ क्लब सदस्य बन्न सफल अभिकर्ताहरुलाई सम्मान गरेको हो।

प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीले पानसमा द्विप प्रज्वलन गर्नुहुँदै शुभारम्भ गरिएको सम्मान कार्यक्रममा मधेश प्रदेशबाट सिइओ क्लबका सदस्य हुन सफल अभिकर्ताहरुलाई सिइओ क्बलको सदस्यता वितरण तथा सम्मान गर्नु भएको थियो भने नेशनल रत्न र नेशनल स्टार विजेता अभिकर्ताहरुलाई पनि नेशनल लाईफ लोगो अंकित चाँदीको मेडल, सर्टिफिकेट र खादाबाट सम्मान गर्नुभएको थियो साथै सो प्रदेशबाट आफ्नो कोड र संजलमा प्रथम द्वित्तिय र तृत्तिय हुन सफल उत्कृष्ट अभिकर्ताहरुलाई विशेष सम्मान तथा पुरस्कृत गरिएको थियो।

सम्मानका क्रममा, प्रमुख कार्यकारी अधिकृतले कम्पनीलाई अग्रस्थानमा पुऱ्याउन महत्वपूर्ण भुमिका खेल्ने अभिकर्ता समूहलाई उच्च प्राथमिकतामा राख्दै सबै तहका अभिकर्ताहरुको लागि अभिकर्ता मैत्री योजना ल्याउने क्रममा बार्षिक रुपमा प्रदेश स्तरिय कार्यक्रम गर्ने गरी सिइओ क्लबको अवधारणा ल्याएको र यस अवधारणा अन्तर्गत सिइओ क्लबमा नेपालभरबाट १६०० जना भन्दा बढि अभकिर्ताहरु छनौट हुनुले यो योजना अत्यन्तै सफल भएको बताउनु भयो।

सो समारोहमा उपस्थित अभिकर्ताहरुलाई चर्चित अन्तर्राष्ट्रिय प्रशिक्षक सैयद अफ्जल अहमदले व्यवसायिक दक्षता अभिवृद्धि गर्ने सम्वन्धमा विभिन्न उदाहरण मार्फत महत्वपूर्ण तालिम प्रदान गर्नुभएको थियो।

यसैगरी सो प्रदेशबाट उत्कृष्ट हुने अभिकर्ताहरु मध्ये जनकपुर शाखाका लक्ष्मण पण्डित र लाहान शाखाका श्याम चन्द्र राईले आफ्नो व्यवसायिक अनुभव व्यक्त गरेका थिए भने सहभागि अभिकर्ताहरुले प्रमुख कार्यकारी अधिकृतबाट आफ्नो क्षेत्रमा सम्मान ग्रहण गर्न पाउँदा मेहेनतको कदर भएको र यस प्रकारको उत्कृष्ट तालिमको व्यवस्था गरेकोमा कम्पनी प्रति आभार व्यक्त गरेका थिए।

# सिटिजन्स बन्यो एनसिएचएलको इएफटी अन्तर्गत नेपाल पे जारी गर्ने पहिलो बैंक

काठमाडौं- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र नेपाल क्लियरिङ हाउसबिच पे कार्ड जारी गर्ने सम्बन्धमा सम्झौता भएको छ। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र नेपाल क्लियरिङ हाउस एनसिएचल बीच नेसनल कार्ड स्विच अन्तर्गत डोमेस्टिक कार्ड स्किम इलेक्ट्रिक फन्ड ट्रान्सफर इएफटी मार्फत नेपाल पे कार्ड सञ्चालनका लागि सो सम्झौता भएको हो।



सो सम्झौता पत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल र एनसीएचएलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत नीलेशमान सिंह प्रधानले हस्ताक्षर गरेका थिए।यस सम्झौता अनुसार सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड एनसिएचएलको इलेक्ट्रिक फन्ड ट्रान्सफर इएफटी सदस्यहरूभित्र नेपाल पे कार्ड जारी गर्ने पहिलो बैक भएको छ।

यो सम्झौतापछि बैंकको एटिम तथा पिओस टर्मिनलहरुमा नेपाल पे कार्ड र डिस्कोभर, डिनर्स, प्लस जस्ता अन्तर्राष्ट्रिय काडहरु पनि स्वीकार हुने जनाइएको छ।यससँगै बैंकका ग्राहकले छिट्टै एनसिएचएलद्वारा जारी गरिने नेपालको आफ्नै कार्ड स्किम नेपाल पे कार्ड पनि प्राप्त गर्न सक्ने जानकारी बैंकले दिएको छ।

# पाँचवटा होटल नोक्सानीमा जाँदा सोल्टीले बढायो नाफा




काठमाडौं- अधिकांश होटलको व्यवसायमा धक्का लागेको छ। चालु आर्थिक वर्ष साउनदेखि पुससम्म पोहोर सोही अवधिको तुलनामा धेरै होटलको व्यापारसँगै नाफा घटेको छ।

नेपाल स्टक एक्सचेन्जमा सूचीकृत होटल तथा पर्यटन क्षेत्रका ७ वटा कम्पनीमध्ये सोल्टी, कालिञ्चोक दर्शन र बन्दीपुर केबलकार बाहेकका सूचीकृत कम्पनीको आम्दानी घटेको हो।

चालु आर्थिक वर्ष ६ महिनामा तारागाउँ रिजेन्सी, ओरियन्टल होटल, चन्द्रागिरी हिल्स, सिटी होटल र बन्दीपुर केबलकार नोक्सानीमा गएका छन्।

पोहोर ६ महिनामा १८ करोड ६७ लाख रुपैयाँ खुद नाफा कमाएको तारागाउँ रिजेन्सी यसपटक ९ करोड रुपैयाँ नोक्सानीमा छ।

गत आर्थिक वर्ष ६ महिनामा ६९ करोड ४८ लाख रुपैयाँको व्यापार गरेको तारागाउँको सञ्चालन आम्दानी यस वर्ष सोही अवधिमा ७५.२६ प्रतिशत घटेर १७ करोड १९ लाख रुपैयाँमा झरेको छ। तारागाउँ रिजेन्सी गत भदौ २४ गते जेनजी आन्दोलनमा भएको तोडफोड र आगजनीपछि बन्द छ।

आन्दोलनको निसानामा परेको चन्द्रागिरी हिल्स ४ करोड ७० लाख रुपैयाँ नोक्सानीमा गएको छ। चन्द्रागिरी केबलकार तोडफोड र आगजनीका कारण २ महिना बन्द भएको थियो। कम्पनीले पोहोर ६ महिनामा ६ करोड ६४ लाख रुपैयाँ खुद नाफा कमाएको थियो।

पोहोर ६ महिनामा १ करोड २७ लाख रुपैयाँ नोक्सानीमा रहेको ओरियन्टल होटलको घाटा २ करोड ७४ लाख रुपैयाँ पुगेको छ। होटलको सञ्चालन आम्दानी ६.०५ प्रतिशतले घटेर ४८ करोड ४६ लाख रुपैयाँमा सीमित भएको छ।

सिटी होटल आम्दानी १.४४ प्रतिशतले घट्दा १० करोड ९ लाख रुपैयाँ घाटामा छ।

बैंक तथा वित्तीय संस्थाको ब्याजदर न्यून विन्दुमा आएकाले होटलहरुलाई वित्तीय लागतको हिसाबले सहज छ। ब्याजदर कम हुँदा अधिकांश होटलको वित्तीय लागत घटेको छ।

सोल्टी होटलले भने आम्दानीसँगै नाफा बढाएको छ। सोल्टीले सबैभन्दा धेरै ३४ करोड ७५ लाख रुपैयाँ खुद नाफा कमाएको छ। यो रकम पोहोर ६ महिनाको तुलनामा १२.९५ धेरै हो।

होटलले गत आर्थिक वर्ष साउनदेखि पुससम्म ३० करोड ७७ लाख रुपैयाँ खुद नाफा कमाएको थियो।

सोल्टीको व्यापार बढ्दा मुनाफामा सुधार आएको हो। होटलको आम्दानी १ अर्ब २८ करोड ६० लाखबाट १३.५ प्रतिशतले वृद्धि भएर १ अर्ब ४५ करोड ९७ लाख रुपैयाँ पुगेको छ।

सोल्टीका उपाध्यक्ष सुदर्शन चापागाइँले जेनजी आन्दोलनले सेप्टेम्बर महिनामा अकुपेन्सी केही घटे पनि त्यसपछि बढेका कारण नाफा वृद्धि भएको बताए।


'जेनजी आन्दोलनले गर्दा सेप्टेम्बर महिनामा अकुपेन्सी एकाएक घट्यो। तर अक्टोबर सुरु भएपछि नै होटलमा पर्यटक बढे। जसले गर्दा हाम्रो व्यापार राम्रै भयो,' चापागाइँले भने, 'हामीकहाँ अहिले पनि अकुपेन्सी राम्रो छ।'

गत सेप्टेम्बरमा हवाई मार्ग हुँदै ७८ हजार ७११ विदेशी पर्यटक नेपाल आएकामा त्यो संख्या अक्टोबरमा १ लाख २८ हजार ४४३ पुगेको थियो।

कालिञ्चोक दर्शनले आम्दानी बढ्दा १ करोड १९ लाख रुपैयाँ नाफा कमाएको छ। यो पोहोर ६ महिनाको तुलनामा १५२.७ प्रतिशत धेरै हो।

केही महिनाअघि आइपीओ निष्कासन गरेको बन्दीपुर केबलकारको आम्दानी बढेको छ। आम्दानी बढेपछि बन्दीपुरले नोक्सानी ७४ लाख रुपैयाँमा झारेको छ।

# एनआइसी एसिया साथी घर कर्जा योजना सार्वजनिक




काठमाडौं- एनआइसी एसिया बैंकले ग्राहकहरूको आवाससम्बन्धी आवश्यकता सम्बोधन गर्ने उद्देश्यसहित एनआइसी एसिया साथी घर कर्जा योजना सार्वजनिक गरेको छ।यस योजना अन्तर्गत बैंकले अधिकतम ७ वर्षका लागि ६.९९ प्रतिशत स्थिर ब्याजदरमा घर कर्जा उपलब्ध गराउने जनाएको छ। बैंकका अनुसार न्यूनतम २५ लाख रूपैयाँदेखि अधिकतम १० करोड रूपैयाँसम्म कर्जा प्रदान गरिनेछ।

उक्त कर्जा घर तथा अपार्टमेन्ट खरिद, घर निर्माण तथा पुन:निर्माण, साथै घडेरी खरिदका लागि सहज प्रक्रियामार्फत उपलब्ध हुनेछ। कर्जाको अधिकतम अवधि २५ वर्ष तोकिएको छ। पहिलो पटक घर खरिद वा निर्माण गर्ने ग्राहकका लागि कर्जा र धितो सुरक्षण अनुपात अधिकतम ८० प्रतिशतसम्म तथा अन्य ग्राहकका लागि अधिकतम ७० प्रतिशतसम्म कायम गरिएको बैंकले जनाएको छ।

योजना अन्तर्गत घर कर्जा लिने ग्राहकहरूले लाइफ टाइम नि:शुल्क क्रेडिट कार्ड सेवा समेत प्राप्त गर्नेछन्।बैंकले यो योजना घर खरिद तथा निर्माण गर्ने ग्राहकहरूको सपना साकार पार्न सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ।

# लघुवित्तको खराब कर्जा दोहोरो अंकमा


काठमाडौं- आर्थिक गतिविधि बढ्न नसकेर ऋण असुलीमा सुधार हुन नसकेका बेला लघुवित्तहरुले खुद नाफा ८७.९० प्रतिशतले बढाएका छन्।

चालु आर्थिक वर्ष दोस्रो त्रैमासको वित्तीय विवरण सार्वजनिक गरेका ४७ वटा लघुवित्तले ४ अर्ब ४६ करोड ४ लाख रुपैयाँ नाफा गरेका छन्। पोहोर ६ महिनामा ती लघुवित्तको खुद नाफा २ अर्ब ३७ करोड ३७ लाख रुपैयाँमा सीमित थियो।

३१ वटा लघुवित्तले नाफा बढाएका छन् भने ७ वटाको खुम्चिएको छ। चार वटाको नाफा ऋणात्मक छ। श्रृजनशील, विन नेपाल, गणपति र विजय लघुवित्तको नाफा ऋणात्मक हुन पुगेको हो। पोहोर दोस्रो त्रैमासमा ८ वटा लघुवित्तको नाफा ऋणात्मक थियो। नाफा बढेको रिपोर्टमा भने लघुवित्तकै सीइओहरुले आशंका गरेका छन्।

# एनआईबिएल इक्विटी पार्टनर्सको सल्लाहकार बोर्डको सदस्यमा उपेन्द्र पौड्याल नियुक्त

काठमाडौं- एनआईबिएल इक्विटी पार्टनर्सले आफ्नो सल्लाहकार बोर्डको सदस्यमा उपेन्द्र पौड्याललाई नियुक्त गरेको छ। उनको नियुक्तिले बैंकको रणनीतिक नेतृत्वका साथै दिगो र मूल्यमान्यतामा आधारित बैंकिङ सेवामा थप बल पुग्ने विश्वास लिइएको छ।



पौड्याल नेपालको वित्तीय क्षेत्रका एक स्थापित व्यक्तित्व हुन्। उनीसँग वाणिज्य बैंकिङ, इन्भेष्टमेन्ट बैंकिङ, र दिगो वित्तको क्षेत्रमा झण्डै चार दशक लामो अनुभव रहेको छ। उनले आफ्नो कार्यकालमा नियामक निकाय, वित्तीय संस्थाहरू र विकास साझेदारहरूसँग मिलेर नेपालको बैंकिङ क्षेत्रलाई सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेलेका छन्।

यसअघि उनले नेपालको पहिलो संयुक्त लगानीको बैंक नबिल बैंक लिमिटेडको अध्यक्ष र १७ वर्षसम्म एनएमबी बैंकको प्रमुख कार्यकारी अधिकृतको रूपमा काम गरेका थिए। उनको नेतृत्वमा संस्थागत सुशासन, जोखिम व्यवस्थापन र दिगो बैंकिङमा ठूलो उपलब्धि हासिल भएको थियो।

'दिगो र मूल्य मान्यतामा आधारित बैंकिङमा पौड्यालको अतुलनीय विशेषज्ञता र सफलताको इतिहासले एनआईबिएलको सल्लाहकार बोर्डलाई अझ मजबुत बनाउनेछ,' एनआईबिएल इक्विटी पार्टनर्सका सीईओ शिवान्त पाँडेले भने, 'हाम्रो सुशासन ढाँचालाई सुदृढ पार्न, दिगोपनका अभ्यासहरूलाई बढावा दिन र नेपालको बैंकिङ क्षेत्रमा नवप्रवर्तन ल्याउन उहाँको मार्गदर्शन महत्वपूर्ण हुनेछ।"

आफ्नो नयाँ भूमिकाबारे उपेन्द्र पौड्यालले भने, 'नेपालमा प्राइभेट इक्विटीको पारिस्थितिकी प्रणाली अहिले एक महत्वपूर्ण मोडमा छ। यस नयाँ भूमिकामा एनआईबिएललाई यसको वृद्धिको अर्को चरणमा लैजान मद्दत गर्न पाउँदा म उत्साहित छु। म बोर्ड र व्यवस्थापनसँग सहकार्य गर्दै एनआईबिएलको रणनीतिक उद्देश्यहरू प्राप्त गर्न र नेपालमा एक उत्थानशील र समावेशी इकोसिस्टमको विकासमा योगदान पुर्याउन तत्पर छु।"

हाल उनी ग्लोबल एलायन्स फर बैंकिङ अन भ्यालुजको एशिया प्रशान्त क्षेत्रीय प्रतिनिधिको रूपमा कार्यरत छन्। साथै, उनी त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकायको 'पोस्ट ग्रेजुएट डिप्लोमा इन सस्टेनेबल बिजनेस म्यानेजमेन्ट' को सल्लाहकार समितिको अध्यक्ष समेत हुन्।

# ब्याज उकास्ने र ऋण बढाउनु पर्ने दबाबमा राष्ट्र बैंक, गभर्नरले थाले ठूला ऋणीसाग छलफल

काठमाडौं- निक्षेपको ब्याजदर उकास्नु पर्ने र ऋण प्रवाह बढाउनु पर्ने दोहोरो दबाबमा रहेको नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाका लागि परामर्श सुरु गरेको छ।

मौद्रिक नीति तर्जुमा र समीक्षा गर्नुअघि ऋणी र अन्य सरोकारवालासँग छलफल गर्दै आएका गभर्नर डा. विश्वनाथ पौडेलले यसपाली मध्य नेपालका व्यवसायीसँग कुराकानी गरेका छन्। अघिल्लो पटक साना तथा मझौला ऋणी तथा किसानहरुसँग छलफल गरेका गभर्नरले यसपाली तीन शहरका 'टप टेन' ऋणीहरुसँग कुराकानी गरेका हुन्।

उनले नेपालगञ्ज, भैरहवा र हेटौंडाका ठूला ऋणीसँग अहिलेको अवस्था, समस्या र चुनौतीका साथै संभावनाका बारेमा छलफल गरेका छन्। उनीसँग नियमन विभाग प्रमुख रामु पौडेल, आर्थिक अनुसन्धान विभाग प्रमुख डा. रामशरण खरेललगायत थिए।

राष्ट्र बैंकले बनाएको आन्तरिक कार्यविधि अनुसार समीक्षा फागुन दोस्रो सातासम्म सार्वजनिक गरिसक्नु पर्छ। तर दुबै डेपुटी गभर्नर विदेश शयरमा रहेका कारण आन्तरिक छलफल भने हुन सकेको छैन। नियमनदेखि व्यवस्थापन समितिसम्ममा डेपुटी गभर्नर हुन्छन्। व्यवस्थापन समितिले पारित गरेपछि मौद्रिक नीति सञ्चालक समितिमा प्रस्तुत हुन्छ। यद्यपी आर्थिक अनुसन्धान विभागले भने समीक्षाको प्रारम्भिक काम भने सुरु गरिसकेको छ। अर्धवार्षिक मौद्रिक समीक्षामार्फत राष्ट्र बैंकले विगतमा नयाँ सुधारका कामदेखि 'कोर्स करेक्सन'सम्म गर्ने गरेको थियो। यसपाली भने त्यो संभावना न्यून देखिएको छ। ऋण प्रवाह बढाउनु पर्ने दबाब रहे पनि महत्वपूर्ण नीतिहरु ल्याउन भने निर्वाचन आचारसंहिताका कारण बाधा पर्ने देखिएको छ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



खेलकुद

## एन्फा वुमेन्स च्याम्पियन: ६-१ गोल अन्तरमा आर्मी विजयी



**उदयपुर–** उदयपुरको थारुहट रंगशाला गाईघाटमा जारी एन्फा वुमेन्स च्याम्पियनमा न्यूरोड टिमलाई ६-१ ले पराजित गर्दै विभागीय टिम त्रिभुवन आर्मी क्लब विजयी भएको छ। खेलको १२ मिनेटमा आर्मीका जेनिफर रानाले पहिलो गोल गरेकी थिइन्। त्यसलगत्तै दुई मिनेटमा उनैले अर्को गोल थपिन्।

७२ मिनेटमा थप एक गोल गरेर उनले ह्याट्रिक गरिन्। उनी खेलको म्यान अफ दी म्याच समेत घोषित भइन्। आर्मीकी दिपा राईले पहिलो हाफको थपिएको तीन मिनेटमा गोल गरिन्। ८१ मिनेटमा आर्मीकी सपना लामाले अर्को गोल गरिन्। उनैले ९० मिनेटमा गरेको थप एक गोलपछि ६ गोल पुगेको थियो। न्यूरोड टिमको तर्फबाट कविता गुरुङले ३४ मिनेटमा टिमका लागि एक गोल फर्काउन सफल भइन्। भोलिको खेलमा संकटा फुटबल क्लबले चर्च बोईजको सामना गर्नेछ।

हालसम्मको खेलबाट गाइघाट फुटबल क्लब, एफसी रियल, छहरी युथ क्लब, आरएस रिसोर्ट र न्यूरोड टिम बाहिरिएको छ। नेपाल पुलिस, चर्च बोइज, एपीएफ र त्रिभुवन आर्मीअगाडि बढेका छन्।

आगामी ९ गते फाइनल हुने प्रतियोगिताको आयोजक अखिल नेपाल फुटबल संघ (एन्फा) र सहआयोजक जिल्ला फुटबल संघ उदयपुर हो। उपाधि विजेतालाई ७ लाख ५० हजार र र उपविजेतालाई ५ लाख नगदसहित ट्रफी, मेडलर प्रमाणपत्र पुरस्कार रहेको प्रतियोगिता नकआउट प्रणालीमा सञ्चालन छ।

नेपालकातीन प्रमुख विभागीय टिमहरू प्रतियोगितामा अगाडि छन्। नेपाल पुलिस, सशस्त्र प्रहरी र त्रिभुवन आर्मी प्रतियोगितामा अगाडि देखिएका छन्।

# भारतले पशुपतिनाथ–वैद्यनाथधाम जोड्न हाई–स्पिड करिडोर बनाउने


काठमाडौं- भारत सरकारले पशुपतिनाथ र वैद्यनाथ धाम (बैजनाथ धाम) जोड्न नयाँ सडक निर्माणको प्रस्ताव स्वीकृत गरेको छ।

नेपालको काठमाडौंमा रहेको पशुपतिनाथ र भारतको झारखण्डको देवघरस्थित बैजनाथधामसँग जोड्न भारत सरकारले नयाँ करिडोर निर्माणको प्रस्ताव स्वीकृत गरेको हो।

भारतको केन्द्र सरकारले भागलपुर हुँदै जाने यो नयाँ करिडोर निर्माणका लागि प्रशासनलाई आवश्यक तयारी सुरु गर्न निर्देशन दिइसकेको छ।

यो जानकारी बिहारका सडक निर्माण मन्त्री डा. दिलीप जैसवालले गत मंगलबार विधानसभामा दिएका हुन्। सन् २०२६/२७ को बिहारको बजेटमा यो सडक निर्माणका लागि ८२ अर्ब ६० करोड भारु विनियोजन गरिएको छ।

'प्रस्तावित करिडोर




पशुपतिनाथ-वैद्यनाथ हाई-स्पिड करिडोर काठमाडौंबाट सुरु हुनेछ र भीमनगर, वीरपुर हुँदै बिहारको सुपौल जिल्लामा प्रवेश गर्नेछ,' मन्त्री जैसवालले भने, 'त्यसपछि मधेपुरा, सहरसा, खगडिया, मुंगेर र बाँका जिल्ला हुँदै झारखण्डको देवघर जिल्लास्थित वैद्यनाथ धामसम्म पुग्नेछ।'

'प स्तावित 'पशुपतिनाथ-सुपौल-वैद्यनाथधाम करिडोर' सुल्तानगञ्ज-अगुवानीघाटमा गंगा नदीमाथि बनिरहेको पुल भएर गुज्रिनेछ, जसको निर्माण कार्य जारी छ। यो करिडोर करिब २४० किलोमिटर लामो हुने बताइएको छ।

करिब सात महिना अगाडि बिहारका उपमुख्यमन्त्री सम्राट चौधरीले केन्द्रीय सडक यातायात र राजमार्ग मन्त्री नितिन गडकरीसँग भेट गरी यो करिडोर प्रस्ताव गरेका थिए।

श्रावणी मेला र काँवर यात्राका क्रममा ठुलो संख्यामा श्रद्धालुहरू सुल्तानगञ्जबाट जल लिएर पैदल बैजनाथधाम जान्छन्। कतिपय भारतीय तिर्थयात्रीहरू पशुपतिनाथ मन्दिर दर्शनका लागि पनि आउँछन्। यो करिडोर बनेपछि श्रद्धालुहरूका लागि सुरक्षित र सहज यात्रा सुनिश्चित हुने र धार्मिक पर्यटक बढ्ने विश्वास गरिएको छ।

यस करिडोरमा पैदल यात्रीका लागि विशेष 'सर्भिस रोड' समेत बनाउने योजना छ, जसले नांगो खुट्टा हिंड्ने श्रद्धालुहरूलाई राहत दिनेछ। यस परियोजनाले बिहार, नेपाल र झारखण्डबीचको धार्मिक पर्यटन मात्र नभई व्यापारिक र आर्थिक सम्बन्धलाई पनि नयाँ उचाइमा पुऱ्याउने विश्वास गरिएको छ।

भागलपुरका जिल्ला अधिकारी (डीएम) डा. नवल किशोर चौधरीका अनुसार यस परियोजनाको मार्गचित्र तयार भइसकेको छ। मन्त्रालयबाट विस्तृत प्रस्ताव प्राप्त हुनासाथ यसको कार्यान्वयन सुरु गरिने अधिकारीहरूले जनाएका छन्।

### *नागढुंगा–मलेखु सडक कालोपत्र तीव्र*

# हालसम्म ४० प्रतिशत प्रगति



चितवन। पृथ्वी राजमार्गको नागढुंगा-मलेखु सडक स्तरोन्नती गरी कालोपत्र गर्ने काम तीव्र बनाइएको छ। हालसम्म ११ किलोमिटर कालोपत्र गरिएको छ। गत वर्ष आठ किलोमिटर कालोपत्र गरिएकामा यस वर्ष थप तीन किलोमिटर कालोपत्र गरिएको हो। थप ठाउँमा कालोपत्रका लागि तीव्र गतिमा काम भइरहेको छ।

२०७९ साल पुस १५ गते तीन वर्षमा सम्पन्न गर्नेगरी यो सडक ठेक्का लगाइएको थियो। समयमा काम नसकिएपछि छ महिना म्याद थप गरिएको छ। पृथ्वी राजमार्गअन्तर्गत मुग्लिन-नागढुंगा खण्डलाई तीन चरण बनाएर बोलपत्र आह्वान गरिएको हो। यो तेस्रो चरणअन्तर्गत पर्दछ। यही पुस १५ मा म्याद सकिएपछि ६ महिनाका लागि म्याद थप गरिएको छ।

नागढुंगा-मुग्लिन सडक आयोजनाअन्तर्गत पश्चिम खण्ड मुग्लिन-मलेखु सडकका इञ्जिनियर विजय दरैका अनुसार हालसम्म ४० प्रतिशत प्रगति भएको छ। सो सडकको कुरिनटार, फिस्लिङ, चरौदी र विशालटारका केही क्षेत्र कालोपत्र गरिसकिएको छ। धादिङको बाँदरेमा कालोपत्र भइरहेको छ।

फिस्लिङ र जवाङ खोला क्षेत्रमा वेस र सबबेस राखेर कालोपत्रको अन्तिम तयारी गरिएको उनले जानकारी दिए। उनले भने, 'हामीले अहिले कालोपत्रका लागि तीव्र तयारीमा काम गरिरहेका छौं।'

अबको मौसम कालोपत्रका लागि उपयुक्त हुने भएकाले तयारी तीव्र गतिमा भएको हो। झण्डै २०० मजदुर, कर्मचारी, प्राविधिक कालोपत्रको काम जुटिरहेको उनले बताए।

कृष्णभिरको पहिरो रोकथामको काम जारी

यसैगरी छ वटा पुलमध्ये हुग्दि र चरौदीको पुलको फाउण्डेसनपछिको काम अहिले भइरहेको छ। यस्तै कृष्णभिरको पहिरो रोकथामको काम पनि भइरहेको उनले जानकारी दिए।

कालोपत्रका लागि सामग्री अभाव हुने अवस्थामा पुगेको छ। अहिले धादिङको चरौदी र बेनिघाट एवं इच्छाकामनाबाट सामग्री लगिएको भए पनि लामो समयका लागि काम गर्न सामग्री अभाव हुने देखिएको उनको भनाइ छ। सामग्री पाएमा अब काम नरोकिने दराई बताउँछन्।

यस्तै नाली, बेरियरलगायतका सडकका विभिन्न क्षेत्रका काम भइरहेका छन्। सो खण्डमा ३८ दशमलव ८६ किलोमिटर सडक पर्दछ। यस खण्डमा दुई दशमलव दुई किमी छ लेनको बन्नेछ, जुन मलेखु, बेनीघाट र मुग्लिन खण्डमा पर्दछ।

सात दशमलव दुई किमी सडक चार लेन हुनेछ। चार लेन रमाइलोडाँडा, कुरिनटार, फिस्लिङ, चुम्लिङ, मझिमटार, चरौंदी र विशालटार क्षेत्रमा पर्ने जनाउँदै दरैले उकालो-ओरालो खण्डमा तीन लेनको 'क्लाइम्बिङ' मार्ग बनाइने उनले जानकारी दिए। उनका अनुसार 'क्लाइम्बिङ' मार्ग दुई दशमलव तीन किमीको हुनेछ भने बाँकी सडक दुई लेनको हुनेछ।

शर्मा-जेडआइसिजीले रु चार अर्ब ८० करोड ५९ लाखमा यस खण्ड स्तरोन्नतिको ठेक्का लिएको हो। सडकका विभिन्न क्षेत्रमा कालोपत्रसँगै नाला बनाउने, पहिरो रोकथामका लागि संरचना निर्माण, भित्तो काट्ने, पर्खाल लगाउने, सडक सुरक्षालगायत काम बाँकी छ।

यो सडक विश्व बैंकको सहयोगमा बनाउन लागिएको हो। काठमाडौं प्रवेश गर्ने र बाहिरिने मुख्य नाकाका रूपमा यो खण्ड रहेको छ।

# अब सिंहदरबार पनि जल्नु हुँदैन, गोली पनि चल्नु हुदैन : गगन थापा



सर्लाही। नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले जन अपेक्षा पूरा गर्दै देश सम्हाल्ने विषय मुख्य रहेको बताएका छन्।

सर्लाही जिल्ला निर्वाचन क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार रहेका थापाले आगामी पाँच वर्षमा जनभावना अनुसार सरकारले काम गर्नुपर्ने चुनौती रहेको बताएका हुन्।


'अब सिंहदरबार पनि जल्नु हुँदैन, गोली पनि चल्नु हुँदैन। हामीले कर्तव्यबोध गरेर काम गर्नुपर्छ। सुशासन कायम गर्नुपर्छ। जनता कुशासनले आजित भएका छन्, हामीले सुधार गर्नुपर्ने धेरै कुरा छन्,' उनले भने, 'युवालाई रोजगारी चाहिएको छ, स्वास्थ्य र शिक्षा जस्ता आधारभूत विषयमा काम गर्नुपर्ने छ। त्यसैले देश सम्हाल्न राष्ट्रिय दलले कर्तव्य बोध गरेर काम गर्नुपर्ने हुन्छ।'

सभापति थापाले देशमा जोशसँगै होसका साथ र उत्साहसँगै अनुभवका साथ आगामी दिनमा काम गर्नुपर्ने दायित्व रहेको बताए।

जनतालाई परिणाम दिनुपर्ने समय आएको उल्लेख गर्दै उनले अब आनाकानी गर्ने छुट नभएको बताए। सबै दललाई साथमा लिएर स्थायित्व हुने काम गर्नुपर्ने सभापति थापाको भनाइ थियो।

कांग्रेसले नतिजा दिने गरी काम गर्ने सभापति थापाले बताए। सर्लाही-४ का मतदातासँग भेटघाट गर्दै उनले प्राथमिकताका आधारमा शिक्षा, स्वास्थ्य, कृषिलगायतका क्षेत्रमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे।

## राप्रपाको नारा– नष्ट हुन्छौं, भ्रष्ट हुँदैनौं !




काठमाडौं- राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले देशमा सुशासन स्थापना गर्ने दृढ प्रतिबद्धतासहित विभिन्न संरचनात्मक तथा कानूनी सुधारका कार्यक्रम सार्वजनिक गरेको छ।

राप्रपाले आगामी प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि सार्वजनिक गरेको घोषणापत्रमा 'बरु नष्ट हुन्छौं, भ्रष्ट हुँदैनौं !' भन्ने मूल मन्त्रका साथ सुशासनको कार्यक्रम अगाडि सारेको हो।

घोषणापत्रमा उच्चस्तरीय छानबिनदेखि न्यायपालिका पुनर्संरचनासम्मका कार्यक्रम अगाडि सारिएका छन्। २०४६ सालपछि उच्च पदमा बसेका नेता तथा कर्मचारीहरूको सम्पत्ति छानबिन गर्न उच्चस्तरीय नागरिक आयोग गठन गरिने घोषणा गरिएको छ।

अवैध सम्पती जफत गर्न कानूनी व्यवस्था मिलाइने, भ्रष्टाचार सम्बन्धी सूचना दिने व्यक्तिलाई संरक्षण र प्रोत्साहन गर्न 'सूचक संरक्षण ऐन' बनाई लागू गरिने घोषणापत्रमा छ। नीतिगत तथा कार्यगत क्षेत्रमा देखिएका भ्रष्टाचार र अनाचार अन्त्य गर्न सार्वजनिक पद धारण गर्ने पदाधिकारीलाई कानूनी दायरामा ल्याउन 'स्वार्थको द्वन्द्व' सम्बन्धी कानून जारी गरिने राप्रपाले जनाएको छ।

हालको सम्पती शुद्धीकरण ऐनमा सुधार गर्दै अन्तर्राष्ट्रिय आर्थिक मान्यता तथा देशको आवश्यकता अनुसार परिमार्जन गरिने तथा संवैधानिक नियुक्तिहरूमा राजनीतिक हस्तक्षेपमुक्त व्यवस्था लागू गरिने घोषणापत्रमा उल्लेख छ।

न्यायपालिकामा देखिएका विकृति र विसंगति अन्त्य गर्दै गुमेको विश्वसनीयता पुनर्स्थापित गर्न पुनर्संरचना तथा पुनर्नियुक्तिको व्यवस्था गरिने जनाइएको छ। न्यायपालिकालाई पूर्ण रूपमा निष्पक्ष, सक्षम र जनउत्तरदायी बनाउने लक्ष्य राखिएको छ।

## महामन्त्री पौडेलको दाबी– कांग्रेस फेरि राजनीतिको विश्वविद्यालय बन्यो

काठमाडौं- नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले कांग्रेस फेरि राजनीतिको विश्वविद्यालय भएको दाबी गरेका छन्। आइतबार बुद्धिजीवी तथा पेसागत समूहद्वारा आयोजना गरेको कार्यक्रममा बोल्दै महामन्त्री पौडेलले यस्तो बताएका हुन्।

अन्तरक्रियामा उनले कांग्रेस राष्ट्रिय राजनीतिक विषयमा प्रतिबद्ध रहेको बताउँदै समाजमा योगदान दिने जोकोही पार्टीभित्र आउनसक्ने बताए। 'विगतका कमजोरी सुधार्दै पार्टीमा सुधार र देश विकासका लागि सबैलाई साथ लिएर अगाडि बढ्न कांग्रेस तयार भएको छ,' उनले भने, 'स्थानीय र राष्ट्रिय आवश्यकता पूरा गर्न सहमतिको भावनाका साथ सबै प्रतिबद्ध भएर लाग्नुपर्छ। त्यसमा म र कांग्रेस नेतृत्व नेतृत्वदायी भूमिका निर्वाह गर्न तयार छौं।'

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- २९,
२०८२ साल फागुन ५ गते मंगलबार
17 FEBRUARY 2026, TUESDAY

# उज्यालो पार्टीको प्रतिबद्धता : सांसद–मन्त्री संख्या घटाउने, १० वर्षमा जीडीपी १११ अर्ब डलर

काठमाडौं- कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टी(उनेपा) ले प्रतिनिधि र प्रदेश सभा सदस्यको संख्या घटाउने प्रतिबद्धता गरेको छ। आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि उनेपाद्वारा आइतबार सार्वजनिक प्रतिबद्धता पत्रमा सांसद संख्या घटाउने विषय उल्लेख छ।

उनेपाले प्रतिबद्धता पत्रमार्फत प्रतिनिधिसभा सदस्यको संख्या २७५ घटाएर २०१ बनाउने प्रतिबद्धता गरेको छ। यस्तै सात प्रदेशमा रहेका ५५० जना प्रदेशसभा सदस्य संख्या कटौती गरेर ३३० मा झार्ने उल्लेख छ।

उनेपाले दुई तहका संसदको आकार घटाउने प्रतिबद्धता गरेपनि समावेशिता कायम राखेरै कुन विधिबाट घटाउन सकिन्छ भन्ने विकल्पमा भने प्रतिबद्धता पत्रमा मौन छ।

यस्तै, उनेपाको प्रतिबद्धतापत्रमा संघीय र प्रदेश सरकारका मन्त्रिपरिषद्को आकार पनि घटाउने विषय उल्लेख छ। जसमा संघीय मन्त्रालय १५ र प्रदेश मन्त्रालय ५ देखि ७ मा सीमित गर्ने विषय उल्लेख छ। राज्य तथा सहायक मन्त्री नराख्ने प्रस्ताव पनि उनेपाको प्रतिबद्धता पत्रमा छ।


प्रदेशमा स्थायित्वका लागि प्रत्यक्ष निर्वाचित मुख्यमन्त्रीको अवधारणा उनेपाले अघि सारेको छ। स्थानीय तहको निर्वाचन दलीय हुन नहुने निचोड उनेपाले निकालेको छ। 'साझा सहमति कायम गर्ने संस्कारको विकास गर्न स्वतन्त्र उम्मेदवार बिचमा प्रतिस्पर्धा हुनेगरी स्थानीय निर्वाचनलाई निर्दलीय बनाइने छ,' प्रतिबद्धता पत्रमा भनिएको छ।

मतदातालाई लोकतान्त्रिक अभ्यासप्रति आकर्षण गर्न जिल्लाबाहिर रहेका मतदातालाई नजिकको मतदान केन्द्रबाट र विदेशमा रहेका नागरिकलाई मतदानको सुनिश्चितता गर्ने उनेपाको बाचा छ। मतदातालाई 'नो भोट' को अधिकार प्रत्याभूति गर्ने पनि उनेपाले प्रतिबद्धता व्यक्त गरेको छ।

१० वर्षमा जीडीपी १११ अर्ब अमेरिकी डलर

वैदेशिक लगानी आकर्षित गर्ने नीति अवलम्बन गरिएको प्रतिबद्धता पत्रमा सन् २०३० सम्म कुल गार्हस्थ उत्पादन (जीडीपी) ७० अर्ब अमेरिकी डलर पुऱ्याउने लक्ष्य राखिएको छ।

यस्तै सन् २०३५ सम्म जीडीपीको आकार बढाएर १११ अर्ब अमेरिकी डलर पुऱ्याउने, सन् २०३५ सम्म नेपाललाई उच्च मध्यम आय भएको मुलुकमा रूपान्तरण गर्ने लक्ष्य राखिएको छ।




निर्यातलाई सन् २०३० मा १० अर्ब डलर र सन् २०३५ सम्म २० अर्ब डलरसम्म विस्तार गर्ने र प्रतिवर्ष करिब १० लाख थप रोजगारी सिर्जना गर्ने लक्ष्य निर्धारण गरिएको छ। ऊर्जा क्षेत्रमा सन् २०३० सम्म जलविद्युत् उत्पादन १२ हजार मेगावाट र २०३५ सम्म २५ हजार मेगावाट पुऱ्याइ भारत, बाङ्लादेश र चीनतर्फ निर्यात वृद्धि गर्ने लक्ष्य राखिएको छ।

भ्रष्टाचारविरूद्ध उजुरी दिने व्यक्तिलाई अदालतको अन्तिम फैसलाबाट ठहर भएको रकमको ५ प्रतिशतले हुनआउने रकम सूचनादातालाई पुरस्कारवापत उपलब्ध गराउने प्रतिबद्धता गरिएको छ।

सन् २०३० सम्ममा वार्षिक आर्थिक वृद्धिदर ९ प्रतिशत पुऱ्याउने उनेपाको प्रतिबद्धता छ। सन् २०३५ सम्म आर्थिक वृद्धिदर १० प्रतिशत पुऱ्याएर प्रतिव्यक्ति आय करिब ४ हजार डलर पुऱ्याउने बाचा गरिएको छ।

यस्तै हाइड्रो, कृषि, पर्यटन, आइटी, उद्योग, पूर्वाधार, शिक्षा, स्वास्थ्य र खेलकुद क्षेत्रबाट वार्षिक ९ लाख रोजगारी सिर्जना गरी ५ वर्षमा ४५ लाख रोजगारी सिर्जना गरिने उनेपाको प्रतिबद्धता पत्रमा उल्लेख छ। भ्रष्टाचारी ठहर व्यक्तिलाई आजीवन प्रतिबन्ध

भ्रष्टाचारी ठहर भएको व्यक्तिलाई सार्वजनिक पदमा आजीवन प्रतिबन्ध लगाउने उनेपाको प्रतिबद्धता पत्रमा उल्लेख छ। 'भ्रष्टाचारीलाई आजीवन सार्वजनिक पदमा प्रतिबन्ध लगाउनुका साथै निजको सम्पत्ति राष्ट्रियकरण गरिनेछ,' प्रतिबद्धता पत्रमा भनिएको छ।

प्रशासनलाई डिजिटल, पारदर्शी र जवाफदेही बनाउने प्रतिबद्धता गरेको उनेपाले सार्वजनिक पदाधिकारी र कर्मचारीको सम्पत्ति विवरण बुझाउने र सार्वजनिक गर्ने व्यवस्था गर्ने जनाएको छ।

सबै परिवारलाई हजार कित्ता जलस्रोत सेयर

पूर्व ऊर्जा, जलस्रोत मन्त्री समेत रहेका घिसिङ नेतृत्वमा रहेको उनेपाले सबै एक परिवारलाई हजार कित्ता जलस्रोत सेयर प्रदान गर्ने अभियान चलाउने लक्ष्य राखेको छ। 'सम्पूर्ण घरपरिवारलाई प्राथमिक सेयर मूल्यमा कम्तिमा एक हजार कित्ता जलविद्युत् आयोजनाको सेयर उपलब्ध गराइनेछ,' प्रतिबद्धता पत्रमा भनिएको छ, 'गरिब परिवारलाई प्राथमिक सेयर किन्न सहुलियत ऋण उपलब्ध गराउनुका साथै योजना निर्माणका क्रममा संलग्न श्रमिकको श्रमलाई सेयरमा पनि रूपान्तरण गर्न सकिने व्यवस्था मिलाइनेछ।'

विद्युत् खरिद सम्झौता भएको ३० बर्षपछि सरकारलाई हस्तान्तरण हुने जलविद्युत् आयोजनाको राजश्वबाट प्राप्त २० प्रतिशत रकम जनताको जलविद्युत् कोषमा राख्ने व्यवस्था मिलाउने प्रतिबद्धता गरिएको छ। साथै कोषमाप्राप्त रकमबाट शिक्षा, स्वास्थ्य रोजगारी सिर्जना गर्ने कार्यमा खर्च गरिने प्रतिबद्धता पत्रमा उल्लेख छ।

जलस्रोत क्षेत्रमा निजी क्षेत्रको उल्लेख्य सहभागिता गराएर सन् २०३० सम्ममा १२ हजार मेगावाट विद्युत् उत्पादन गर्ने, प्रतिव्यक्ति विद्युत् खपत ८ सय किलोवाट प्रतिघण्टा पुऱ्याउने उनेपाको लक्ष्य छ।

सन् २०४५ सम्ममा ४० हजार मेगावाट उत्पादन हुनेगरी जनविद्युत आयोजनाहरू अगाडि बढाउने र यसबाट कार्बन न्युट्रल मुलुकका रूपमा नेपाललाई स्थापित गर्न सहयोग पुग्ने उनेपाको दाबी छ।

स्वास्थ्यमा सुधार, विश्वविद्यालयसम्म निःशुल्क शिक्षा

स्वास्थ्य क्षेत्रमा ग्रामीण क्षेत्रका जनतालाई मोबाइल क्लिनिक र टेलिमेडिसिनको व्यवस्था गर्ने उनेपाले प्रतिबद्धता जनाएको छ।

यस्तै प्रत्येक वडामा मानसिक स्वास्थ्य परामर्शदाताको सेवा उपलब्ध गराउने, सबै स्थानीय तहका स्वास्थ्य संस्थामा कम्तीमा एक विशेषज्ञ (हाडजोर्नी, स्त्रीरोग र बालरोग) राख्ने एजेन्डा उनेपाको प्रतिबद्धता पत्रमा उल्लेख छ।

शिक्षा क्षेत्रमा उनेपाले विश्वविद्यालय तहसम्म निःशुल्क शिक्षा प्रदान गर्ने प्रतिबद्धता गरेको छ। यस्तै 'कमाउँदै, पढ्दै-सिक्दै' पद्धतिअनुसार सरकारी तथा अनौपचारिक क्षेत्रमा १०० दिनसम्मको इन्टर्नसीपको व्यवस्था गर्ने एजेन्डा पनि प्रतिबद्धता पत्रमा उल्लेख छ। त्यसका लागि प्रत्येक विद्यार्थीलाई मासिक १० हजार रुपैयाँ बराबरको 'श्रमबजार प्रवेश उत्प्रेरणा भत्ता' दिइने भनिएको छ।

किसानलाई प्रत्यक्ष अनुदान

उनेपाले किसानलाई प्रत्यक्ष अनुदानको व्यवस्था गर्ने प्रतिबद्धता पत्रमा राखेको छ। किसानको डिजिटल आईडीमार्फत सिँचाइ, मल, बीउ र बीमाका लागि दिइने अनुदान सिधै किसानको खातामा जाने व्यवस्था मिलाउने प्रतिबद्धता गरिएको छ।

सिँचाइका क्षेत्रमा सुनकोशी-मरिन डाइभर्सन, भेरी-बबई डाइभर्सन, रानीजमरा-कुलरिया सिँचाइ योजना, बबई सिँचाइ योजना, सिक्टा सिँचाइ योजना तथा महाकाली सिँचाइ आयोजना सम्पन्न गरी पाँच वर्षभित्र तीन लाख हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने उनेपाले प्रतिबद्धता गरेको छ। सिँचाइका लागि 'पहाडको पानी मधेशमा, मधेशका नागरिक पहाडमा' भन्ने नारा पनि उनेपाले तय गरेको छ। १३ सहर स्मार्ट सिटी पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन विस्तार गरी हवाई कनेक्टिभिटी बढाउन नयाँ एयरलाइन्सलाई प्रोत्साहन गर्ने एजेन्डा उनेपाको प्रतिबद्धता पत्रमा उल्लेख छ।

यस्तै 'एक प्रदेश, एक स्मार्ट सिटी' योजना अघि सारेर सन् २०४० सम्म लुम्बिनी, भरतपुर, निजगढलगायत १३ सहरमा पूर्ण रूपमा स्मार्ट सिटी सञ्चालन गरिने र त्यसको व्यवस्थाका लागि अध्ययन कार्य अगाडि बढाउने प्रतिबद्धता उनेपाको छ। सडक तथा पूर्वाधारमा आगामी पाँच वर्षभित्र ८ हजार किलोमिटर कालोपत्रे, ४ हजार किलोमिटर ग्राभेल र तीन हजार किलोमिटर नयाँ ट्र्याक खोल्ने उनेपाको प्रतिबद्धता छ।

यस्तै रक्सौल-काठमाडौं-केरूङ र पूर्व-पश्चिम रेलमार्ग सम्बन्धी विस्तृत अध्ययन पूरा गरी लगानी मोडालिटी तयार गर्ने उनेपाले प्रतिबद्धता जनाएको छ।

पर्यटन क्षेत्रमा सन् २०३५ सम्ममा वार्षिक ३५ लाख पर्यटक भित्र्याउने लक्ष्य प्रतिबद्धता पत्रमा उल्लेख छ। ३६५ दिन पर्यटन गन्तव्यको रूपमा अन्तर्राष्ट्रिय बजारमा ब्रान्डिङ गरी नेपाललाई पर्यटन हब बनाउने प्रतिबद्धता गरिएको छ।

१० प्रमुख विमानस्थललाई बुटिक एयरपोर्ट बनाउने उज्यालो नेपालले जनाएको छ। पर्यटनबाट प्राप्त राजश्वबाट ५ अर्बको पर्यटन समृद्धि कोष स्थापना गरी ग्रामीण महिला पर्यटन उद्यमीलाई पर्यावरण संरक्षण गर्न अनुदान उपलब्ध गराउने प्रतिबद्धतामा उल्लेख छ।

१० लाख युवालाई स्वदेशमै रोजगारी

उनेपाले युवा उमेर समूहका नागरिकलाई 'युवा रोजगार मेला आयोजना' गर्ने ५ वर्षमा १० लाख युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्ने प्रतिबद्धता गरेको छ।

यस्तै युवालाई उद्यमशीलता कोषबाट १० लाखसम्म बीना ब्याजको ऋण उपलब्ध गराउने र युवा नेतृत्व विकास गर्न १०१ सदस्यीय युवा संसद् गठन गर्ने प्रतिबद्धता गरिएको छ।

१० अर्बको स्टार्टअप कोष स्थापना गरी सातै प्रदेशमा आईटी पार्क स्थापना गर्न कर छुट दिने व्यवस्था मिलाउने उज्यालो नेपालको बाचा छ।

यस्तै, रुग्ण र बन्द रहेका उद्योगहरूलाई पीपीपी मोडेलमार्फत सञ्चालन गर्ने उनेपाले लक्ष्य बनाएको छ। एक पटकको नेपाली सधैँको नेपाली हुने मान्यता राखेको उनेपाले विदेशमा बसोवास गर्ने नेपाली र तिनका सन्तानलाई वंशजका आधारमा नागरिकता दिने व्यवस्थाका लागि कानुन संशोधन गर्ने प्रतिबद्धता गरेको छ।

यस्तै निर्माणाधीन गौतम बुद्ध, त्रिवि, फाप्ला, पोखरा, विराटनगरलगायतका क्रिकेट स्टेडियम तथा बहुउद्देश्यीय खेल मैदान निर्माण सम्पन्न गर्ने प्रतिबद्धता गरेको उनेपाले खेल पर्यटन प्रबर्द्धन कोष स्थापना गर्ने जनाएको छ।

यस्तै मेडलप्राप्त राष्ट्रिय खेलाडीलाई मासिक २५ हजार र अन्तर्राष्ट्रिय खेलाडीलाई ६० हजार पेन्सन दिने पनि उनेपाले जनाएको छ। सहकारीको रकम अपचलन गर्नेबाट असुल गरेर सहकारी पीडितलाई ५ लाख प्रदान गर्ने बाचा उनेपाको छ।

---

**मतपत्र छपाइ** ...

उनले दुई करोड आठ लाख ३० हजार समानुपातिकतर्फको मतपत्र छपाइ गरी प्याकिङ सम्पन्न गरी जिल्ला जिल्लामा पठाउने कार्य भइरहेको जानकारी दिएका हुन्।

यो मतपत्र प्रकाशन अन्तिम चरणमा पुगेको जानकारीसँगै नेपालमा प्रतिनिधिसभाको निर्वाचना हुने पक्कापक्की भएको छ। नेपालमा जनक शिक्षा सामग्री केन्द्रले सरकार मातहतका कार्यालयले छाप्नुपर्ने महत्वपूर्ण कागजातहरु छाप्दै आएको छ। विशेष गरेर स्कुल, कलेजका किताबहरु छाप्दै आएको छ।

नेपालले रिडेबल पासपोर्ट, स्मार्ट कार्ड अर्थात राष्ट्रिय परिचय पत्र, लाईसेन्स, नेपाली नोट विदेशमा छाप्दै आएको छ। नेपालमा नै यि सवै काम गर्नलाई गोकुल बास्कोटा सञ्चारमन्त्री हुदा सेकुरेटी प्रेस नेपालले नै किनेर सवै काम आफ्नै देशमा गर्ने लक्ष्य राखेको थियो। तर फेक भिडियो बनाएर विदशी कम्पनीले विवादमा ल्याई प्रभावित पारेर त्यो काम रोकिएको थियो।

**३० बिघाको उखु...**

सोमबार दिउँसो करिब १ बजेको समयमा उखु खेतीको आगलागी भएको हो। उखुखेतीको मध्यभागबाट आगो सल्किएको सूचना पाए लगत्तै प्रहरी टोली घटनास्थल पुगे पनि समयमै आगो निभ्याउन नसक्दा उखुखेती जलेर नष्ट भएको उनले बताए।

स्थानीय बासिन्दाको सहयोगमा आगो मानव बस्तीमा फैलिनबाट भने रोक्न सफल भएको उनको भनाइ छ।

लहान नगरपालिकाबाट गएको बारुणयन्त्रको पानी फाल्ने मोटर बिग्रिएपछि गोलबजार नगरपालिकाबाट आएको बारुणयन्त्रले करिब ४ बजेतिर आगो पूर्ण रूपमा नियन्त्रणमा लिएको थियो।

आगलागी कारणबारे अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ। उखुबारीको बीच भागबाट आगो सुरु भएकाले कसैले चुरोट वा बिंडीको ठुटो फालेको वा नियतवश आगो लगाएको हुन सक्ने आशंका प्रहरीले गरेको छ।

पीडित किसान विष्णु यादवले मलखाद र सिँचाइको अभाव झेल्दै दुःख गरेर हुर्काएको उखु बेच्ने बेला आगलागी हुँदा ठूलो मर्का परेको दुखेसो पोखे।

'उखु बेचेर घरायसी व्यवहार र ऋण तिर्ने योजना थियो, तर लागतसमेत डुब्यो,' उनले भने।

अर्का किसान रामलखन मण्डलले दोषी पत्ता लगाई कडा कारबाही गर्न माग गरे। 'जसले आगो लगाएको भए पनि किसानमारा अपराध गरेको हो,' उनले आक्रोश पोखे।

किसान रामदयाल मण्डलका अनुसार प्रतिकट्ठा ३० देखि ३५ क्विन्टलसम्म उखु उत्पादन हुन्छ। चिनी उद्योगले प्रति क्विन्टल उखुको ६२० रुपैयाँ दिन्छ भने सरकारले ७० रुपैयाँ अनुदान दिन्छ। यस आधारमा किसानले प्रति क्विन्टल ६९० रुपैयाँ प्राप्त हुन्छ। उनका अनुसार ३० बिघा क्षेत्रफलको उखुको औसत हिसाब गर्दा करिब १८ हजार क्विन्टल उत्पादन हुने र त्यसको मूल्य करिब १ करोड २४ लाख २० हजार रुपैयाँ पुग्ने अनुमान छ।

पीडित किसानले क्षतिपूर्ति, राहत र दोषीमाथि कडा कारबाहीको माग गरेका छन्।

**रवि लामिछाने...**

अपराधको मुद्दा फिर्ता लिने निर्णय गरेकी थिइन्। आधारमा जिल्ला सरकारी वकिलको कार्यालयलाई परिपत्र गरेको थियो।

जिल्ला सरकारी वकिलको कार्यालय कास्कीले मुद्दा फिर्ताका लागि जिल्ला अदालतमा निवेदन दिएको थियो। यसमाथि सुनुवाइ गर्दै यस सम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट निर्णय भएपछि मात्रै निर्णय हुने जिल्ला अदालतले आदेश गरेको हो।

मुद्दा फिर्ता लिने महान्यायाधिवक्ताको कार्यालयको निर्णयविरुद्ध युवराज पौडेल (युवराज सफल)ले माघ २ गते सर्वोच्चमा रिट दायर गरेका थिए। त्यसमाथि सुनुवाइका क्रममा महान्यायाधिवक्ता भण्डारीले मुद्दा दर्तापछि थप प्रमाण भेटिएकोले फिर्ता लिने निर्णय गरिएको उल्लेख गरेकी थिइन्।

यसमा सर्वोच्चले पनि थप प्रमाण पेस गर्न आदेश दिएको थियो। उक्त आदेशअनुसार प्रमाण पेस भएपछि सर्वोच्चमा सुनुवाइ हुनेछ। लामिछानेविरुद्ध काठमाडौं, कास्की, चितवन, रुपन्देहीलगायत जिल्लामा मुद्दा छन्।

**दमक टावर** ...

आईटी हबको रूपमा विकास गर्ने सोच अनुसार अगाडि बढाएको उनले बताए। तर नबुझ्ने मान्छेहरूले यो किन चाहियो भनेर विरोध गर्ने गरेको उनको भनाइ छ।

उनले भने, 'भ्यूटावर भन्छन्। यो वास्तवमा भ्यूटावर नै होइन। यो एउटा बिजनेस कम्प्लेक्स हो। नयाँ खालको आईटी हबको रूपमा यसलाई विकास गर्ने सोचअनुसार अगाडि बढाएका हौं। त्यो कुरा चाहिँ नबुझ्ने मान्छेहरूले किन चाहियो भन्छन्। यो एकजना परिवार वा म गएर बसोबास गर्न बनाएको त होइन नि। यो ठाउँको विकास गर्नलाई बनाएको हो।'

उनले अगाडि भने, 'भविष्यमा दमक चिनिने भनेको यही टावरको कारण हो। यो दमकको पहिचान हो, दमकको विकासको एउटा झन्डा हो।'

**पछिल्ला चुनावहरू** ...

निर्वाचनमा अझै खर्चमा मितव्ययीता अपनाउँ, सीमितिकरण गरौं र यसलाई धेरै बेतिथि र वेप्रवाहसँग अगाडी नबढाउँ र सीमाभित्र राखौं भन्ने सोचले खर्चसिमा तोकिएको छ, त्यो सिमाभन्दा माथी गएर खर्च गरिदिनु हुन्न भन्ने आयोगको विश्वास छ,' उनले भने।

उनका अनुसार आयोगले राजनीतिक दल तथा उम्मेदवारले निर्वाचनमा गर्ने खर्चको सीमा वैज्ञानिक आधारमा निर्धारण गरेको छ। प्रत्येक निर्वाचन क्षेत्रको भौगोलिक अवस्था, घरदैलो कार्यक्रम सञ्चालन गर्दा लाग्ने खर्च तथा खान-बस्नको अनुमानित व्ययको विश्लेषणका आधारमा छुट्टाछुट्टै खर्च सीमा तोकिएको जानकारी उनले गराए।

तोकिएको सीमाभन्दा माथि गएर उम्मेदवार र राजनितिक दलहरुले खर्च नगर्नेमा आयोग विश्वस्त रहेको उनले बताए।

'बैकिङ च्यानल बाहिरबाट खर्च गरिएको पैसा कर तिरेको सेतो पैसा होइन, त्यसैले कालो पैसा पनि खर्च हुने सम्भावना भएको हुनाले बैकिङ प्रणाली मार्फत मात्रै खर्च गर्न हामीले राजनितिक दलका व्यक्तिहरुसंग छलफल गरेर निर्वाचन आचारसंहिता बनाएका छौँ। निवार्चण खर्च हामी विस्तारै घटाउदै लगाएको छौं,' भण्डारीले भने।

निर्वाचनलाई मर्यादित, स्वच्छ र निष्पक्ष बनाउन सबै पक्ष जिम्मेवार हुनुपर्नेमा उउनले जोड दिए।

**चुनावमा** ...

विश्वास र समर्थनले मलाई अत्यन्त उत्साहित बनाएको छ,' उनले फेसबुकमा लेखेकी छन्। भरतपुर महानगरपालिकामा ९ वर्षसम्म मेयर पदमा रहँदा आफ्नो कामप्रतिको प्रतिबद्धता र इमान्दारिताकै कारण स्नेह पाएको उनको बुझाइ छ।

निर्वाचनमा सहभागी भइसकेपछि जित हार दुवैलाई स्वीकार गर्नुपर्छ भन्नेमा आफू स्पष्ट रहेको उनले बताएकी छन्।

उनले लोकतान्त्रिक मूल्य र मर्यादाको सम्मान गर्दै निष्पक्ष र स्वच्छ निर्वाचन सुनिश्चित गर्न सबैको साथ र सहयोगको अपेक्षा गरेको पनि बताएकी छन्।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# रेखाको निर्देशनमा 'माया भनेकै यस्तो होला' बन्ने




अभिनेत्री रेखा थापा करिब ८ वर्षपछि फिल्म निर्देशनमा फर्किने भएकी छन् । उनको निर्देशनमा बन्न लागेको नयाँ फिल्म 'माया भनेकै यस्तो होला'को आइतबार महाशिवरात्रीको अवसर पारेर काठमाडौंमा एक कार्यक्रमका बीच निर्माण घोषणा गरिएको छ । यो रेखाको तेस्रो निर्देशकीय फिल्म हुनेछ । यसअघि उनले 'हिम्मतवाली' र 'मालिका' निर्देशन गरिसकेकी छन् ।

'दिया एण्ड अमु फिल्मस्'को ब्यानरमा निर्माण हुने यस फिल्ममा नयाँ र पुराना पुस्ताका कलाकारहरूलाई समेटिएको छ । मदनकृष्ण श्रेष्ठ, लक्ष्मी गिरी, राजाराम पौडेल, विशाल पहारी, दिल श्रेष्ठ, पूर्व मिस नेपालहरू सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ, पूर्वमिस नेपाल इन्टर नेसनल नीति शाह, संगम भण्डारी, सुजाता श्रेष्ठ, विनोद पौडेल लगायतका कलाकारहरूले फिल्ममा अभिनय गर्नेछन् ।

फिल्मको निर्माण घोषणासँगै दुईवटा पोस्टर पनि सार्वजनिक गरिएको छ । एउटामा त्रिकोणात्मक प्रेम झल्काइएको छ भने अर्कोमा बाबु-छोराको आत्मीयता दर्शाउन खोजिएको छ । यसले प्रेम सम्बन्धमा आउने उतारचढाव र सन्तानको कर्तव्यलाई फिल्ममा मुख्य कथावस्तु बनाइएको संकेत गर्छ । यद्यपि, निर्माण पक्षले यसबारे कुनै जानकारी गराएको छैन ।

हरि नारायण श्रेष्ठ र माया देवी श्रेष्ठ निर्माता रहेको फिल्ममा सुदीप बराल छायांकन तथा प्रशान्त सिवाकोटीको संगीत रहनेछ । ध्रुव लम्सालको लेखन रहेको फिल्ममा रंग पत्रकार राजन घिमिरे को-अर्डिनेटरको रूपमा छन् । आगामी तीजमा प्रदर्शन गर्ने लक्ष्य राखिएको यो फिल्मको छायांकन फागुन दोस्रो साताबाट सुरू गर्ने तयारीमा निर्माण पक्ष रहेको छ ।

# 'मालती मंगले' बैशाख २५ मा आउने




चर्चित गायक रामकृष्ण ढकालले पहिलो पटक निर्माण गरेको फिल्म 'मालती मंगले' आगामी बैशाख २५ गते (८ मे)देखि प्रदर्शनमा आउने भएको छ । शनिबार निर्माण पक्षले भ्यालेनटाइन डे (प्रणय दिवस)को अवसरमा फिल्मको फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मितिबारे जानकारी गराएको हो । उक्त मितिमा अहिलेसम्म अरू फिल्म छैनन् ।

सार्वजनिक पोस्टरमा फिल्मका मुख्य जोडी विजय बराल र वर्षा राउत प्रेमिल मुद्रामा देखिएका छन् । विजयले वर्षाको काखमा आफ्नो टाउको राखेका छन् भने फरिया र चोलोमा सजिएकी वर्षा विजयको कुममा टाउको अड्याउँदै मुस्कुराइरहेकी छिन् । फिल्ममा उनीहरू श्रीमान्-श्रीमतीको भूमिकामा छन् । पोस्टरले ग्रामीण प्रेमकथामा फिल्म आधारित रहेको संकेत दिन्छ ।

प्रकु पाण्डेयको निर्देशनमा बनेको यस फिल्ममा विजय र वर्षासहित मेक्सम गौडेल, प्रकाश घिमिरे, सरिता गिरी, सुस्मा निरौला, सुनिल तामाङ, उमेश सुनाम, शकु शाह, सुचित्रा उप्रेती, दिनेश शाही, रिजन परियार लगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ । फिल्ममा निर्देशक पाण्डेय स्वयंको कथा छ भने पटकथा तथा संवाद संयोग गुरागाईंले तयार पारेका हुन् । रानी फिल्म्स र युनी इन्टरटेनमेन्टको सहकार्यमा निर्माण भएको यस फिल्मको कार्यकारी निर्मातामा सागर ज्ञवाली रहेका छन् । बाबु सुवेदी, रविन श्रेष्ठ, वेदना कर्माचार्य श्रेष्ठ, पद्मावती गुरुङ र स्वीकृति बस्नेत सह-निर्माता रहेको फिल्ममा महेश पौडेलको छायांकन, रोमी मोजेजको सम्पादन, डिकेश खड्गीको ध्वनि मिश्रण तथा कृष्ण भण्डारीको रंग संयोजन छ ।

# 'ओ रोमियो'बाट शाहिदले ६ वर्षपछि पाए उत्कृष्ट ओपनिङ



अभिनेता शाहिद कपूर र अभिनेत्री तृप्ति डिमरीको मुख्य भूमिका रहेको फिल्म 'ओ रोमियो' भ्यालेनटाइन डेको अवसर पारेर शुक्रबारबाट प्रदर्शनमा आइसकेको छ । ट्रेलर र गीतबाट यो फिल्मको ठूलो हाइप बनेको थियो । तर, फिल्मको एड्भान्स टिकट बुकिङ अपेक्षित हुन सकेन । यसले गर्दा फिल्मको ओपनिङ बढीमा ५-६ करोड हुनसक्ने अनुमान गरिएको थियो ।

तर, शनिबार सार्वजनिक भएको फिल्मको पहिलो दिनको कमाइ पूर्वानुमानभन्दा विपरित आएको छ । ट्रेड एनालिस्ट तरण आदर्शले एक्स (ट्विटर)मा फिल्मले पहिलो दिन भारू ९ करोड १ लाख नेट कमाएको उल्लेख गरेका छन् । उनका अनुसार दिउँसो र साँझका शोमा फिल्मले शहरी क्षेत्रमा तुलनात्मक रूपमा राम्रो प्रदर्शन गरेका कारण ओपनिङ उत्साहजनक भएको हो ।

फिल्म समीक्षक समेत रहेका तरणले एक्समा लेखेका छन्, 'फिल्मलाई उत्कृष्ट विकेन्ड नतिजा निकाल्न शनिबार र आइतबार राम्रो कमाइ गर्नुपर्छ । भ्यालेनटाइन डेका कारण शनिबार दर्शकको संख्या बढ्ने अपेक्षा गरिएको छ । तर, आइतबार साँझ हुन लागेको भारत र पाकिस्तानको 'हाई भोल्टेज' क्रिकेट खेलले फिल्मको कमाइमा असर गर्न सक्ने देखिन्छ ।'

'ओ रोमियो'ले ९ करोडको ओपनिङ गर्दा शाहिदलाई ठूलो राहत मिलेको छ । उनले 'कबीर सिंह'पछि पाएको यो सबैभन्दा ठूलो ओपनिङ हो । यसअघि सन् २०२४ मा उनी अभिनीत फिल्म 'तेरी बातों में ऐसा उलझा जिया'ले ७ करोडको ओपनिङ गरेको भए पनि अब यसलाई 'ओ रोमियो'ले उछिनेको छ । उनलाई यो फिल्म व्यावसायिक रूपमा सफल हुनैपर्ने दबाब छ ।

# नीताकुमारी थापाले जितिन् "भ्वाइस अफ नेपाल" सिजन ७ को उपाधि



काठमाडौं- गायन रियालिटी शो "द भ्वाइस अफ नेपाल" सिजन ७ को उपाधि नीताकुमारी थापा मगरले जितेकी छन् ।

शनिबार आयोजित ग्राण्ड फिनालेमा दैलेखकी नीताले उपाधि जितेकी हुन् । उनी कोच राजु लामाको टिमबाट प्रतिस्पर्धा गरेकी थिइन् । फिनालेमा उनीसँगै कोच खेम सेन्चुरीको टिमबाट सागर संसार राई, कोच प्रमोद खरेलको टिमबाट पुनम गुरूङ र कोच मेलिना राईको टिमबाट सञ्जिता दुरा प्रतिस्पर्धामा थिए ।

सागर फर्स्ट रनरअप, पुनम सेकेण्ड रनरअप र सञ्जिता दुरा थर्ड रनरअप भएका हुन् ।

## विश्व हिन्दु युवा कलाकार संघको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समितिमा

# कलाकार बिजेन्द्र नौबागे आबद्ध



काठमाडौं- विश्व हिन्दु युवा कलाकार संघ राष्ट्रिय तथा अन्तर ाष्ट्रिय समितिले कलाकारिता क्षेत्रका सक्रिय व्यक्तित्व बिजेन्द्र नौबागेलाई संघको कोषाध्यक्ष पदमा मनोनयन गरेको छ ।

काठमाडौंस्थित केन्द्रीय कार्यालयबाट जारी गरिएको मनोनयन पत्रअनुसार, लामो समयदेखि गीत-संगीत तथा कलाकारिता क्षेत्रमा पँयाउँदै आएको योगदानको कदर गर्दै उहाँलाई उक्त जिम्मेवारी प्रदान गरिएको जनाइएको छ । संघले राष्ट्रियता, मानवता र विश्व शान्तिको भावनालाई आत्मसात गर्दै आराध्यदेव पशुपतिनाथलाई साक्षी राखेर संस्थाको सिद्धान्त बमोजिम मनोनयन गरिएको उल्लेख गरेको छ ।

संघद्वारा जारी पत्रमा ज्ञान र मानव सभ्यताको उद्गमस्थलका रूपमा चिनिने गोरक्षाभूमि नेपाललाई विश्व शान्तिको सन्देशवाहक तथा पुनः विश्वगुरु राष्ट्रका रूपमा स्थापित गराउने उद्देश्यका साथ संस्था क्रियाशील रहेको उल्लेख छ । सोही उद्देश्य प्राप्तिका लागि मन, वचन र कर्मले योगदान गर्ने प्रतिबद्धतासहित विजेन्द्र नौबागेलाई कोषाध्यक्ष पदमा जिम्मेवारी दिइएको बताइएको छ ।

मनोनयनप्रति धन्यवाद व्यक्त गर्दै सर्जक तथा कलाकार नौबागेले संस्थाको उद्देश्य अनुरूप पारदर्शिता, अनुशासन र सक्रियताका साथ आर्थिक व्यवस्थापन तथा संगठन सुदृढीकरणमा आफू समर्पित रहने प्रतिबद्धता जनाउनुभएको छ । कार्यक्रममा विश्व हिन्दु युवा संघ राष्ट्रिय तथा अन्तर ाष्ट्रिय समितिका अध्यक्ष ऋषिकेशजंग शाहले नव-मनोनित कोषाध्यक्षलाई हार्दिक बधाई दिँदै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभएको छ । कार्यक्रममा संघका अध्यक्ष शिवन पोखरेलको पनि उपस्थिति रहेको थियो ।

संघले सांस्कृतिक जागरण, कलाकारहरुको संरक्षण, तथा विश्व शान्तिका लागि आध्यात्मिक-सांस्कृतिक अभियान सञ्चालन गर्दै आएको जनाएको छ । "जय शिव गोरक्ष, ॐ आदेश" मूल नारासहित अघि बढिरहेको संस्थाले आगामी दिनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा थप कार्यक्रम सञ्चालन गर्ने जनाएको छ ।

# 'पीआर' को पीडा भुल्दै नयाँ फिल्मको तयारीमा जुटे शोभित



कुनै बेला 'हिट मेसिन'का रूपमा परिचित निर्देशक शोभित बस्नेत पछिल्लो समय असफलतासँग जुधिरहेका छन् । विगत एक दशकयता उनले निर्माण र निर्देशन गरेका कुनै फिल्म सफल भएका छैनन् । तर, उनी फिल्म बनाउन रोकिएका पनि छैनन् । गत मंसिरमा प्रदर्शन भएको 'पीआर' असफल भएपछि निराश देखिएका उनी अब अर्को फिल्म निर्माणको तयारीमा जुटेका छन् ।

केही सातादेखि अस्ट्रेलियामा रहेका शोभितलाई कृष्ण थापा नेतृत्वको 'ए टु जेड क्लिनिङ सप्लायर्स'ले नयाँ फिल्म निर्देशनको जिम्मेवारी सुम्पिएको छ । बिहीबार दुई पक्षबीच लिखित सम्झौता भएको हो । फिल्मको केही दिनमा शीर्षक र कलाकारबारे जानकारी गराइने शोभितले बताए । उनका अनुसार फिल्मको मुख्य भूमिकामा एक नायक र दुई नायिका हुनेछन् ।

सलोन-सलिना फिल्म्सको ब्यानरमा निर्माण हुने फिल्मको कार्यकारी निर्मातामा नवीन घायल र सह-निर्मातामा हिमाल भण्डारी रहेका छन् । निर्देशक बस्नेत स्वयंको कथा रहेको फिल्ममा सौरभ लामाको छायांकन र हिमाल केसीको द्वन्द निर्देशन रहनेछ । फिल्मको ६० प्रतिशत अस्ट्रेलिया र ४० प्रतिशत नेपालको जुम्लामा छायांकन हुने जनाइएको छ ।

निर्देशक बस्नेत आगामी मार्च २० (६ चैत)देखि चर्चित कमेडी शो 'कमेडी दरबार'को टिमलाई एक महिनाको अस्ट्रेलिया टुरमा लैजाने तयारीमा छन् । यो कार्यक्रम सिड्नी, मेलबर्न, ब्रिसबेन, पर्थ, एडिलेड, डार्बिन, न्युक्यासललगायत करिब ८ वटा सहरमा आयोजना हुनेछ । सो टुर सकिएलगत्तै अस्ट्रेलियाबाट फिल्मको छायांकन सुरू गर्ने तयारी गरिएको छ ।

# 'कमला मिस'मार्फत १० वर्षपछि निर्देशनमा फर्किए नीर शाह

अभिनेता नीर शाह एक दशकपछि फिल्म निर्देशनमा फर्किएका छन् । उनको निर्देशनमा बन्न लागेको ८ औं फिल्म 'कमला मिस'को शुक्रबार बिहान ललितपुरको इमाडोलस्थित न्यू मिलेनियम स्कुलमा शुभ मुहूर्त गर्दै त्यहीँबाट छायांकन सुरू गरिएको छ । पछिल्लो पटक शाहले सन् २०१५ मा फिल्म 'सेतो बाघ' निर्देशन गरेका थिए ।

स्वर्गीय साहित्यकार विजय मल्लद्वारा लिखित चर्चित नाट्य कृति 'कोही किन बर्बाद होस्'को कथाबाट प्रेरित यस फिल्ममा निर्देशक शाहसहित बास्ना तिमिल्सिना, शिवम सराफ क्षेत्री, आरभ दाहाल, भावना मगर, सुशान्त कुमार श्रेष्ठ, जयन्त रेग्मी लगायतका कलाकारहरूको अभिनय रहनेछ । बाल मनोविज्ञानजस्तो संवेदनशील विषयलाई फिल्मले उजागर गर्ने जनाइएको छ ।


विजय मल्ल स्मृति प्रतिष्ठानको प्रस्तुतिमा बन्ने फिल्मको कार्यकारी निर्मातामा उमेश मल्ल र चैतन्य प्रधान रहेका छन् । फिल्मको कथा विजय मल्लको हो भने पटकथा तथा संवाद नीर शाह, प्रजल दुलाल र सुगम दुलालले संयुक्त रूपमा तयार पारेका हुन् ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- २९,
२०८२ साल फागुन ५ गते मंगलबार
17 FEBRUARY 2026, TUESDAY

# वैदेशिक अनुदान सिधैं स्थानीय तहसम्म पुग्ने, 'डिजिटल प्ल्याटफर्म' बाट निगरानी




काठमाडौं- सरकारले जलवायु कोषबाट नेपालमा प्रवाह हुने जलवायु वित्त परिचालन सरल, व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले नयाँ कानुनी ढाँचा तयार पारेको छ ।

अर्थ मन्त्रालयले जलवायु वित्त परिचालन कार्यविधि २०८२ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको हो । जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकूलनका लागि प्राप्त हुने अन्तर्राष्ट्रिय सहायता थप व्यवस्थित र पारदर्शी बनाउन यस्तो कानुनी ढाँचा बनाइएको अर्थ मन्त्रालयले जनाएको छ ।

कार्यविधिले वैदेशिक जलवायु वित्त छनोट, परिचालन र अनुगमनमा स्पष्ट मार्गचित्र तोकेको छ । कार्यविधि अनुसार जलवायु कोषहरूबाट प्राप्त हुने रकमलाई अर्थ मन्त्रालयले औपचारिक प्रणाली मार्फत परिचालन गर्ने छ । त्यसका लागि प्रोजेक्ट पाइपलाइन बनाएर प्राथमिकताका आधारमा आयोजना कार्यान्वयन गर्नुपर्ने गरी कार्यविधि बनेको छ ।

**प्राथमिकतामा हानि–नोक्सानी सम्बोधन र जलवायु अनुकूलन**

कार्यविधि अनुसार जलवायु वित्त परिचालनका लागि मुख्य तीन क्षेत्रलाई प्राथमिकतामा राखिएको छ । जसमा जलवायुजन्य हानि-नोक्सानी सम्बोधन, जलवायु परिवर्तनबाट अत्यधिक प्रभावित क्षेत्र र भूगोलमा अनुकूलन कार्यक्रम र हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणसँग सम्बन्धित हुनुपर्ने समेत कार्यविधिले तोकेको छ । परियोजना छनोट गर्दा भौगोलिक सन्तुलन, रोजगारी सिर्जना र लाभान्वित जनसंख्या मुख्य आधार बनाइने भएको छ । परियोजनाको काममा स्रोत केन्द्रित गर्न कार्यविधिले परियोजनाको कुल लागतको अधिकतम २० प्रतिशतमात्र प्रशासनिक र प्राविधिक सहायतामा खर्च गर्न पाउने सीमासमेत तोकेको छ ।

**स्थानीय र प्रदेश सरकारलाई बढी भूमिका**

कार्यविधिले संघीयताको मर्म अनुसार जलवायु वित्तलाई तल्ला सरकार समक्ष पुऱ्याउने गरी प्रावधान राखेको छ । नेपाल सरकारले सञ्चालन गर्ने राष्ट्रिय कार्यक्रमहरूमा जलवायु वित्त परिचालन गर्दा जुन तहबाट कार्यक्रम प्रभावकारी हुन्छ, सोही तहलाई 'ससर्त अनुदान' का रूपमा रकम हस्तान्तरण गरिने कार्यविधिमा उल्लेख छ ।

एकमात्र स्थानीय तहको कार्यक्षेत्र भए सिधै सोही स्थानीय तह र एकभन्दा बढी स्थानीय तह भए प्रदेश सरकारलाई प्राथमिकता दिइने कार्यविधिमा उल्लेख छ । जसका माध्यमबाट जलवायु जोखिममा रहेका स्थानीय समुदाय समक्ष केन्द्रित कार्यक्रम र स्रोत पुग्ने छ ।

कार्यविधिमा भनिएको छ, 'संघको अधिकार क्षेत्रभित्र पर्ने विषयको परियोजना तथा जलवायु सम्बन्धी राष्ट्रिय वा स्थानीय तहबाट सञ्चालन गर्दा बढी प्रभावकारी हुने देखिए एउटामात्र स्थानीय तहको कार्यक्षेत्र भए स्थानीय तह र एकभन्दा बढी स्थानीय तहको कार्यक्षेत्र भए ससर्त अनुदान प्रदान गरी सोही तहबाट कार्यान्वयन गर्न प्राथमिकता दिनुपर्ने छ ।' परियोजनाको प्राथमिकता सूची अर्थ मन्त्रालयले बनाउने भएको छ । मन्त्रालयले आवधिक वा जलवायु कोषले माग गरेका बेला राष्ट्रिय रूपमा बाँडफाँट गरेको रकम प्रयोग गरी जलवायु वित्त परिचालन गर्ने परियोजनाका लागि परियोजना प्राथमिकता सूची बनाउने छ । यसपछि जलवायु कोषमा पहुँच स्थापित गर्न आवश्यक विधि तय गरिएको छ । जस अनुसार मान्यता प्राप्त निकाय वा कार्यान्वयन गर्ने निकायले परियोजनाको प्राथमिकता सूचीमा भएका परियोजनाको अवधारणापत्रलाई आवश्यकता अनुसार सम्बन्धित जलवायु कोषमा पठाउन वा सहमतिका लागि अर्थ मन्त्रालयमा पठाउन सक्ने कार्यविधिमा उल्लेख छ ।

**निजी र गैरसरकारी क्षेत्रलाई जिम्मेवार बनाउने प्रयास**

कार्यविधिले निजी क्षेत्रले पनि जलवायु वित्तमा पहुँच पाउन सक्ने गरी बाटो खोलेको छ । तर, त्यसका लागि नेपाल सरकारलाई भविष्यमा कुनै वित्तीय दायित्व सिर्जना नहुने सुनिश्चितता हुनुपर्ने छ । निजी क्षेत्रका परियोजना छनोट गर्दा सार्वजनिक सूचना जारी गरी पारदर्शी प्रतिस्पर्धा गराउनुपर्ने प्रावधान कार्यविधिमा राखिएको छ ।

गैरसरकारी संस्थाहरूले समाज कल्याण परिषद् मार्फत मात्र जलवायु वित्त परिचालन गर्न पाउनेछन् । उनीहरूले वार्षिक प्रगति विवरण र रकम प्रवाह विवरण अनिवार्य मन्त्रालयको 'डिजिटल प्ल्याटफर्म' मा प्रविष्ट गर्नुपर्ने छ भने वर्षमा कम्तीमा एक पटक सार्वजनिक सुनुवाइ र लेखा परीक्षण गराउनुपर्ने गरी तोकिएको छ ।

**मन्त्रालयको 'डिजिटल' निगरानी र सम्पर्क बिन्दु**

जलवायु वित्त परिचालनको सम्पर्क बिन्दुका रूपमा अर्थ मन्त्रालय रहने गरी तोकिएको छ । मन्त्रालयले सबै जलवायु वित्तका गतिविधिको एकीकृत विवरण राख्न एउटा डिजिटल प्ल्याटफर्म सञ्चालन गर्ने छ ।

यस प्ल्याटफर्ममा परियोजना विवरण, बजेट, दातृ निकाय र प्रगति विवरण समावेश हुनेछन् । मन्त्रालयले आवश्यक देखिए तेस्रो पक्षबाट समेत परियोजना कार्यसम्पादन लेखा परीक्षण गराउन सक्ने अधिकार राखिएको छ । जलवायु वित्तमा जलवायु कोषबाट प्राप्त हुने रकम, विकास साझेदारबाट प्राप्त हुने रकम, नेपाल सरकारको आन्तरिक स्रोतबाट योगदान भएको रकम रहने समेत कार्यविधिमा उल्लेख छ ।

**उच्चस्तरीय संयन्त्र र सचिवालय**

कार्यविधि कार्यान्वयन गर्न अर्थ सचिवको संयोजकत्वमा १७ सदस्यीय 'जलवायु वित्त निर्देशक समिति' गठन गरिएको छ । यसैगरी परियोजनाहरूको प्राविधिक मूल्यांकन र सिफारिस गर्न अर्थ मन्त्रालयकै सहसचिवको संयोजकत्वमा 'प्राविधिक समिति' रहने छ । मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखामा रहने 'जलवायु वित्त इकाइ' ले यी दुवै समितिको सचिवालयका रूपमा काम गर्ने छ । कार्यविधि लागु भएसँगै नेपालले अन्तर्राष्ट्रिय मञ्चमा जलवायु वित्तका लागि गर्ने दाबी र प्राप्त हुने सहायता परिचालन थप विश्वसनीय र नतिजामुखी हुने विश्वास अर्थको छ ।

# विदेशी नम्बर प्लेटको ज्यागुअर सेकेन्ड ह्यान्ड गाडीको मूल्यमा कसरी आयो?




काठमाडौं- विदेशी नम्बर प्लेटमा नेपाल भित्र्याइएको ज्यागुअर गाडी सेकेन्ड ह्याडीको मूल्यमा ल्याइएको पुष्टि भएको छ ।

नयाँ गाडीभन्दा लगभग आधा मूल्य राखेर गाडी नेपाल ल्याइएको देखिएको हो । चोभार भन्सार कार्यालयका बिजकले सो पुष्टि गरेको छ ।

चोभारमा रहेको पाँच वटै गाडीमा इंग्ल्यान्डको नम्बर प्लेट राखिएको छ । ६ वटामध्ये एउटा गाडी एक महिनाअघि नै भन्सार पास गरेर यातायातमा समेत दर्ता भइसकेको छ ।

यसरी छुटाइएको एउटा ज्यागुअर आई-पेक्स ब्ल्याक कलरको इन्भोइसमा ३४ हजार ८०० पाउन्डमा ल्याइएको छ । जुन बेलामा पाउन्डको रेट १९४.७१ थियो । त्यति बेलाको १९४ को रेटले नेपाली ६७ लाख ९६ हजार ८९७ रुपैयाँ परेको देखिन्छ ।

सोही स्तरको बीएमडब्लुका इलेक्ट्रिक गाडी आई एक्स करिब ५० हजार युरोमा आइरहेको छ । ज्यागुअर त्योभन्दा धेरै लक्जरी र हाइ इन्ड गाडी हो । यसरी आधा मूल्य नै फरक पर्ने गरी ज्यागुअर त्यति सस्तोमा कसरी आइरहेको छ? यसले सेकेन्ड ह्यान्ड गाडी पनि नेपाल भित्रिन थालेको पुष्टि गर्छ ।

नेपाल ल्याइएका गाडीहरू इंग्ल्यान्डमा विभिन्न स्थान र मितिमा दर्ता समेत भइसकेका पाइन्छन् । जसलाई त्यहाँका कार सेल्स कम्पनीहरूले बिक्रीमा समेत राखेका थिए ।

भन्सार यार्डमा राखिएको एलजी ७४ युटीभी नम्बरको ज्यागुअर पहिलो पटक २०२४ को अक्टोबरमा युकेमा रजिस्टर भएको थियो । जुन गाडी २०२५ को सेप्टेम्बरमा युकेबाट निर्यात गरिएको छ । यसरी भन्सारमा रहेका केएन २५ एनजेडजी, केपी २५ एकेवाइ, केपी २५ एजेएक्स, केएन २५ एनवाइआर नम्बर प्लेटका रहेका छन् ।

यी गाडीहरूमा २९४ किलोवाट क्षमताका मोटर भएकाले यसको करको दरहरू पनि भन्सार ६० प्रतिशत अन्तःशुल्क ३५ प्रतिशत सडक कर ५ प्रतिशत र भ्याट १३ प्रतिशत लागेको देखिन्छ । यसरी सबै कर लाग्दा पनि गाडीको मूल्य १ करोड ६२ लाख रुपैयाँ मात्रै छ । तर बाहिरको मूल्य हेर्दा यी गाडीहरूको नयाँ खरिदको मूल्य ६० हजार पाउन्ड पर्ने देखिन्छ ।

बजारमा बिक्री गर्न विदेशी नम्बर प्लेटमै भित्र्याइयो ज्यागुअर गाडी, भन्सारले कसरी छुटायो?

अभिलेख अनुसार व्यवसायी किशोर बादे श्रेष्ठले विदेशी नम्बर प्लेटसहित गैरकानुनीरुपमा ६ वटा सेकेन्ड ह्यान्ड ज्यागुअर गाडी भित्र्याएको देखिन्छ । इंग्ल्यान्डमा दर्ता नम्बर प्लेटसहित भित्र्याइएका गाडीमध्ये ५ वटा चोभारस्थित भन्सार परिसरमा राखिएका छन् ।

श्रेष्ठले ल्याएका ६ गाडीमध्ये एउटा भन्सारबाट छुटाइसकेका छन् । नेपालमा यो गाडीको आधिकारिक बिक्रेता छैन । तर उनले बेल्जियमको क्वाड्रिगा कार रिटेल कम्पनीका नाममा गाडी ल्याएका छन् ।

उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताले मात्रै गाडी नेपाल ल्याउन पाउने आर्थिक ऐनको विपरीत गाडी ल्याइएका हुन् ।

**प्रजातन्त्रका आधारभूत पक्ष**

- संवैधानिक सर्वोच्चता ।
- बहुलवादको सम्मान।
- विधिको शासन
- शक्ति पृथकीकरण।
- आवधिक निर्वाचन।
- मौलिक हक।
- मानव अधिकार।
- प्रेस तथा वाक स्वतन्त्रता।
- सामाजिक न्याय तथा समावेशीकरण।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास लगायतका पक्षहरु।

नेपाल सरकार
विज्ञापन बोर्ड

# टोयोटाले हाइल्याण्डर एसयुभीलाई इभीमा ल्याउँदै, गरिएको छ उन्नत सुविधासहित डिजाइन




काठमाडौं- टोयोटाले हाइल्याण्डर एसयुभीलाई इलेक्ट्रिक संस्करणमा बजारमा ल्याउने तयारी गरेको छ । यो अमेरिकामा टोयोटाको पहिलो ब्याट्री इलेक्ट्रिक गाडी हो । कम्पनीले यो बीइभी अमेरिकामा एसेम्बल गर्नेछ । हाइल्याण्डर दुई भेरियन्ट एक्सएलई र लिमिटेडहरुमा प्रस्ताव गरिनेछ ।

यसमा ७७ र ९६.८ किलोवाट आवर(युनिट) क्षमताको ब्याट्री उपलब्ध हुने छ । यसले रेन्ज ५१५ किलोमिटरको छ । यो एसयुभीको ब्याट्री आधा घण्टामा शुन्यदेखि ८० प्रतिशतसम्म चार्ज हुन्छ । यसमा फ्रन्ट ह्वील र रियल ह्वील ड्राइभ विकल्पमा आउछ ।

यसमा भएको मोटरले ३४३ हर्सपावर र ४३८ न्युटर्नमिटर टर्क उत्पादन गर्छ ।

टोयोटाले हाइल्याण्डरलाई पूर्ण रुपमा रि- डिजाइन गरेको छ र यसलाई उच्च क्षमताको ब्याट्रीहरुलाई व्यवस्थापन गर्न सक्नेगरी डिजाइन गरिएको परिमार्जित टीएनजीए-के प्लेटफर्ममा निर्माण गरेको छ । यो एसयुभी अब पहिलेको भन्दा फराकिलो र यसको ह्वीलबेस लामो छ ।

यसको समग्र चौडाइ ७८.३ इन्च बनाइएको छ । ह्वीलबेस पनि १२०.१ इन्च बनाइएको छ । यसले एसयूभीको क्याबिन स्पेसलाई राम्रो बनाउछ । स्पोर्टी लुकको लागि यसको उचाइ थोरै घटाएर ६७.३ इन्च गरिएको छ ।

टोयोटा हाइल्याण्डर पुरानो मोडल हाइब्रिड एवम् पेट्रोल/डिजल एसयुभी थियो । पहिलो पटक सन् २००० मा बजारमा आएको यो मिड(साइज एसयुभी लोकप्रिय रह्यो र विशेषगरी अमेरिका, क्यानडा र जापानमा धेरै बिक्री भएको थियो । पेट्रोल र हाइब्रिड इन्जिन विकल्पसहित सात-आठ सिटर क्षमता, स्थिर ड्राइभिङ र भरपर्दो सुरक्षा फिचर यसको मुख्य विशेषता थिए । बजारमा यसको बिक्री र कारोबार दुवै सकारात्मक रहे । बजारले रुचाएको मोडल भएकाले टोयोटाले इभीमा यसलाई नै नयाँ संस्करणका लागि छनोट गरेको हो ।

कम्पनीले एसयुभीमा स्लिम डीआरएलसहितको ह्यामरहेड फ्रन्ट फेसिया दिएको छ । फ्लश डोर ह्यान्डल, बलियो फेन्डर फ्लेयर र एरोडायनामिक डिटेलिङ र क्याबिन भित्र १४ र १२.३ इन्चको दुई वटा टचस्क्रिन, १२.३ इन्चको डिजिटल ड्राइभर डिस्प्ले र ६४-रङको एम्बियन्ट लाइटिङ प्रदान गरिएको छ ।

यो सेभेन सिटर एसयुभीमा वायरलेस एप्पल कारप्ले र एन्ड्रोइड अटो पनि उपलब्ध छ । सुरक्षाका लागि टोयोटा सेफ्टी सेन्स ४.० समावेश छ, जसले अपग्रेड गरिएको डिटेक्शन हार्डवेयर र सुधारिएको एडास फिचरहरु छन् । यसमा प्रि-कोलिजन सिस्टम, लेन ट्रेसिङ असिस्ट, प्रोएक्टिभ ड्राइभिङ असिस्ट र फुल-स्पीड एडाप्टिभ क्रूज कन्ट्रोल जस्ता फिचरहरु पनि यसमा राखिएका छन् ।

टोयोटाले हाइल्याण्डर इभीमा ओभर-द-एयर (ओटीए) सफ्टवेयर अपडेट सुविधा पनि दिने जनाएको छ, जसले समय-समयमा गाडीको प्रणाली र सुरक्षा फिचर सुधार गर्न मद्दत गर्नेछ ।

**जनआकास मिडिया प्रा.लि का लागि :** प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार